सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ पुस २०८२, मंगलबार (23 Dec 2025, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २४३ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्वाचनबारे प्रधानमन्त्रीको सर्वपक्षीय छलफल

भयरहित वातावरण बनाउन सरकारलाई दलहरूको सुझाव



निर्वाचन कानुन संशोधन गर्न दलहरूको अस्वीकार, अध्यादेश ल्याउनेतिर नलाग्न प्रधानमन्त्रीलाई आग्रह

(विस्तृत पृष्ठ ३)

समयले सुम्पेको साझा दायित्व



अग्रलेख

● प्रकाश भुसाल

रवि, बालेन र कुलमान मिल्न सकेनन् भने जेन-जी आन्दोलन विखण्डित हुनेछ, पुराना शक्ति पुनः हाबी हुनेछन्

(पृष्ठ ४)

बंगलादेशमा अर्का विद्यार्थी नेतामाथि गोली प्रहार



कट्टरपन्थी नेता सरिफ उस्मान हादीको मृत्युपछि गत सातादेखि बंगलादेशमा देशभर हिंसात्मक प्रदर्शन भएका छन्

(विस्तृत पृष्ठ ५)

२० प्रतिशत बढ्यो वैदेशिक व्यापार



८ खर्ब ८२ अर्बको व्यापार हुँदा १ खर्ब १६ अर्बको वस्तु निर्यात

आयात १६, निर्यात ५८ र व्यापार घाटा १०.५ प्रतिशत वृद्धि

डलरको भाउ बढ्दा वैदेशिक ऋण भुक्तानीमा ७७ अर्ब ६६ करोड व्ययभार

१४ खर्ब ८६ अर्ब ९० करोड पुग्यो वैदेशिक ऋण

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रवि–बालेन अब 'एउटै गाडी'मा

चरणबद्ध छलफलपछि रवि-बालेन मिलन, निर्वाचनअघि सबै वैकल्पिक शक्तिलाई एकै ठाउँ ल्याउने सहमति

■ ६ घण्टाको छलफलपछि राति साढे १ बजे एउटै गाडीमा बाहिरिए रवि-बालेन



रास्वपा नेता असिम शाहको कमलपोखरीस्थित कार्यालयबाट बाहिरिँदै रवि-बालेन । तस्बिर सौजन्य : कमल चौलागाईं

कमलराज भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि विकसित नयाँ राजनीतिक परिस्थिति र आसन्न निर्वाचनलाई केन्द्रमा राखेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौंका मेयर बालेन शाहले बढ्दो ध्रुवीकरणबिच वैकल्पिक शक्तिहरूलाई एक ठाउँ ल्याउने पहल तीव्र बनाएका छन् । सोमबार राति अबेरसम्म ६ घण्टा भएको छलफलपछि उनीहरूबिच सहकार्य गर्ने सहमति भएको छ ।

सोमबार बिहान भेटवार्ता गरेका लामिछाने र शाहबिच साँझ पनि रास्वपा नेता असिम शाहको कमलपोखरीस्थित कार्यालयमा छलफल भएको थियो । संवादले दुई नेतालाई मिलनको विन्दुमा पुऱ्याएको शाहले बताएका छन् । रवि-बालेनलाई एउटै गाडीमा बिदा गरेपछि राति १:४२ बजे

» पृष्ठ ९ मा क्रमशः

रवि-बालेनलाई एउटै गाडीमा बिदा गरेपछि राति १:४२ बजे रास्वपा नेता असिम शाहले फेसबुकमा लेखे-

देशले खोजेको आशाको मिलन भएको छ

रवि र बालेनबिच सोमबार बिहान र साँझ गरी दुईपटक सामूहिक र छुट्टाछुट्टै छलफल भयो । रास्वपा नेता असिम शाहको कमलपोखरीस्थित कार्यालयमा साँझ करिब ७ बजेदेखि सुरु भएको वार्ता राति करिब डेढ बजेसम्म चल्यो । उनीहरूबिच सहकार्यको ढाँचा, शक्ति बाँडफाँट र भावी राजनीतिक रणनीतिका विषयमा छलफल भयो । दुवैजना सहकार्य गर्ने विषयमा सहमत भएका छन् । निर्वाचनअघि सबै वैकल्पिक शक्तिहरूलाई एकै ठाउँ ल्याउने गरी उनीहरूबिच सघन छलफल भएको नेताहरूले बताएका छन् । रवि र बालेनलाई वार्तापछि एउटै गाडीमा बिदा गरेका रास्वपा नेता असिम शाहले राति १:४२ बजे फेसबुकमा लेखेका छन्, 'अन्ततः कथाको सुखद सुरुवात भएको छ । रवि र बालेन–दुई दाजु-भाइको मिलन भएको छ । यो व्यक्तिको मात्र होइन, देशले खोजेको आशाको मिलन हो । हामी सबै नेपालीलाई बधाई ।'



असिम

■ संसद् पुनर्स्थापना गर्न देउवा–ओली निरन्तर संवादमा

राष्ट्रिय सभा चुनाव मिलेर लड्न पनि छलफल

माघ दोस्रो साता हुँदै छ राष्ट्रिय सभाका १८ सदस्यको निर्वाचन

प्रेम गौतम/नयाँ पत्रिका

संसद् पुनर्स्थापनामार्फत गुमेको 'राजनीतिक कमान्ड' पुनः आफ्नै हातमा लिने दाउमा रहेका कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीबिच सोमबार भेटवार्ता भएको छ । उनीहरूबिच जेन-जी आन्दोलनको धक्कापछि विघटित प्रतिनिधिसभाका बहुमत सदस्यको हस्ताक्षरसहित पुनर्स्थापनाको पूरक रिट लिएर सर्वोच्च अदालत जाने सहमति बनेको छ । कांग्रेस-एमाले जेन-जी आन्दोलनपूर्वको सत्तासाझेदार दल हुन् ।

११औं महाधिवेशनबाट तेस्रोपटक अध्यक्षमा निर्वाचित भएपछि ओली देउवालाई भेट्न उनकै निवास महाराजगन्ज पुगेका थिए । ओली महासचिव शंकर पोखरेलसहित पुगेका थिए भने देउवासँग पत्नी आरजु राणा देउवा पनि थिइन् । उनीहरूबिच आसन्न राष्ट्रिय सभा निर्वाचनमा सहकार्यबारे पनि छलफल भएको छ । माघ दोस्रो साता राष्ट्रिय सभाका १८ सदस्यका लागि निर्वाचन हुँदै छ ।

देउवानिकट एक नेताले दुई नेताबिच राष्ट्रिय सभा निर्वाचन र प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा मिलेर पूरक रिट लिएर सर्वोच्च

» पृष्ठ ९ मा क्रमशः




संसद् ब्युँताउन आज पूरक रिट लिएर सर्वोच्च जाँदै

एमाले र कांग्रेसका सांसदहरूले सर्वोच्चमा छुट्टाछुट्टै रिट दायर गरेका छन् । पछिल्लोपटक उनीहरूले बहुमत सदस्यको हस्ताक्षर जुटाएर पूरक रिट लिएर जाने गृहकार्य गरेका हुन् । कांग्रेस सचेतक सुशीला थिङले मंगलबार पूरक रिट दर्ता गर्ने तयारी रहेको बताइन् । 'मंगलबार हामी पूरक निवेदन लैजान्छौं । प्रतिनिधिसभाका बहुमत सांसदको तर्फबाट निवेदन दिन्छौं,' उनले भनिन्, 'असंवैधानिक रूपमा विघटन भएको प्रतिनिधिसभा पुनर्स्थापना गर्नुको विकल्प छैन । यो संवैधानिक अधिकार हो ।' कांग्रेसको संस्थागत निर्णय भने २१ फागुनको निर्वाचनमा जाने छ ।



■ हिउँदे अधिवेशनका लागि सिंहदरबारमा बन्दै राष्ट्रिय सभा हल



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा नयाँ बानेश्वरस्थित संसद् भवन ध्वस्त भयो । आन्दोलनलगत्तै प्रतिनिधिसभा पनि विघटन भएकोमा राष्ट्रिय सभा भने कायमै छ । अब हिउँदे अधिवेशन बोलाउने तयारी भइरहँदा सिंहदरबारस्थित संसद् सचिवालयभित्रको कृषि समितिको हललाई राष्ट्रिय सभाको बैठक हल बनाउन तीव्र गतिमा काम भइरहेको छ । सहरी विकास मन्त्रालयले ३० लाख लागतमा बैठकका लागि हल तयार गर्दै छ । 'हलको काम फास्ट ट्र्याकमा अगाडि बढेको छ । दर्शकदीर्घा, मिडिया कक्ष र अन्य सबै आउटलेट पुस दोस्रो हप्तासम्म तयार हुन्छ । १५-१६ गतेसम्म हस्तान्तरण गर्ने योजना छ,' संसद् सचिवालयका सहायक प्रवक्ता अनन्तप्रसाद कोइरालाले भने । राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले पुस तेस्रो हप्ता अधिवेशन बोलाउन सरकारलाई आग्रह गरिसकेका छन् । पुस अन्तिमतिर अधिवेशन आह्वान हुने संसद् सचिवालयको अपेक्षा छ ।

कांग्रेस महाधिवेशन धकेलिने निश्चित

नयाँ कार्यतालिकासहितको नयाँ मिति तोक्ने गृहकार्य सुरु



● **मीन विश्वकर्मा**, प्रचार विभाग प्रमुख

२६-२८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने निर्णयअनुसार नयाँ क्रियाशील सदस्यता र नवीकरणको नामावली केन्द्रमा पठाउने म्याद ३ पुससम्म थियो । ५ पुसभित्र स्वीकृति दिनुपर्ने कार्यतालिका पनि प्रभावित भएको छ । यस्तो अवस्थामा निर्धारित समयमा महाधिवेशन गर्न कठिन देखिन्छ, बैठक बसेर आवश्यक निर्णय लिन्छौं । नयाँ कार्यतालिका आउन सक्छ ।

नयाँ पत्रिका

महिनौंको रस्साकस्सीपछि पुसको अन्तिम साताका लागि तय कांग्रेसको १५औं महाधिवेशन निर्धारित कार्यतालिकाअनुसार नहुने लगभग निश्चित भएको छ । यससँगै कांग्रेसभित्र नयाँ कार्यतालिकासहितको महाधिवेशनको नयाँ मिति तोक्ने गृहकार्य सुरु भइसकेको छ । यससँगै कांग्रेसभित्र विशेष महाधिवेशनको

» पृष्ठ ९ मा क्रमशः

■ महामन्त्री गगन थापा पक्षधरको असन्तुष्टि



महामन्त्री गगन थापा पक्ष तोकिएकै समयमा महाधिवेशन हुनुपर्ने अडानमा छ । नियमित महाधिवेशन धकेल्न खोजिए विशेष महाधिवेशन हुने थापाको भनाइ छ । आफ्नो निर्वाचन क्षेत्रका नेता तथा कार्यकर्तासँग सोमबार छलफल गर्दै उनले तोकिएको समयमै महाधिवेशन हुनुपर्ने बताए । 'महामन्त्रीको हैसियतले मैले पार्टी लिडरसिपलाई स्पष्ट भनिरहेको छु- महाधिवेशन समयमै हुनुपर्छ । नियमित महाधिवेशन नभए विशेष महाधिवेशन हुन्छ,' थापाले भने, 'यसका लागि हामी जुनसुकै मूल्य चुकाउन पनि तयार छौं भनेर पार्टी लिडरसिपलाई स्पष्ट भनिरहेका छौं ।'

■ तोकिएको मितिमा नहुनेमा शेखर पक्ष प्रस्ट



शेखर कोइराला पक्षले पनि तोकिएको मितिमा महाधिवेशन नहुने बताएको छ । क्रियाशील सदस्यता नै नटुंगिएको अवस्थामा पुसमा महाधिवेशन नहुने नेता सञ्जय गौतमले बताए । 'अहिलेसम्म क्रियाशील सदस्यता नै टुंगिएको छैन । त्यसकारण पूर्वनिर्धारित कार्यतालिकाअनुसार पुसमा महाधिवेशन हुने सम्भावना अब छैन । कार्यसम्पादन समिति बैठक बसेर मिति हेरफेर हुन्छ,' गौतमले भने ।

ओली र लेखकलाई बयानमा बोलाउने छानबिन आयोगको निर्णय, तयार गरिए प्रश्न

मंगलबार पत्र लेख्छौं



● **विज्ञानराज शर्मा**, प्रवक्ता, आयोग

उहाँहरू (ओली र लेखक)लाई बयानमा बोलाउने निर्णय भइसकेको छ । भोलि (मंगलबार) पत्र लेख्छौं ।

उहाँ (ओली)बाट गल्ती भएकै छैन भने किन बयान दिन जाने ?



● **रघुवीर महासेठ**, उपमहासचिव, एमाले

भदौ २३ को घटनापछि उहाँ (केपी ओली)ले राजीनामा दिनुभएको हो । फेरि उहाँले गोली चलाउन आदेश दिएको पनि होइन । जब उहाँबाट गल्ती भएकै छैन भने किन बयान दिन जाने ? व्यक्तित्व ड्यामेज गराउन उहाँको बयान लिन खोजिएको हो । आयोगका अध्यक्षको अभिव्यक्ति पनि पूर्वाग्रही छ । भुन्ड्याउनुपर्छ, मार्नुपर्छ भनेर अभिव्यक्ति दिने व्यक्तिको अध्यक्षतामा आयोग गठन भएको छ । यस्तो व्यक्तिकहाँ बयान दिन जानुहुँदैन भन्ने हो । वहालवाला न्यायाधीशको अध्यक्षतामा आयोग भएको भए पनि एउटा कुरा हुन्थ्यो ।



२३ भदौको भ्रष्टाचारविरोधी आन्दोलनमा सरकारले घातक हतियारबाट अन्धाधुन्ध गोली चलाउँदा बानेश्वर क्षेत्रमा मात्रै १७ युवाको ज्यान गएको थियो । उपत्यकाबाहिर दुई युवा मारिएका थिए । एक सयभन्दा धेरै घाइते भएका थिए । कतिपय घाइते अझै अस्पतालमै उपचाररत छन् । सहिद परिवार तथा जेन-जी अगुवाहरूले भने उनीहरूलाई पक्राउ नै गरेर बयान लिन माग गर्दै आएका छन् । ओली र लेखकविरुद्ध सहिद परिवारले काठमाडौं प्रहरीमा समेत जाहेरी दिएका छन् । प्रहरीले भने जाँचबुझ आयोगको प्रतिवेदनपछि मात्र सो विषयमा छानबिन हुने जनाएको छ । तत्कालीन प्रधानमन्त्री केपी ओलीले भने आयोग निष्पक्ष नभएको भन्दै बयान नदिने घोषणा नै गरेका छन् । बरु जेल बस्न र गोली खान तयार हुने, तर बयान नदिने चेतावनी उनले सार्वजनिक रूपमै दिँदै आएका छन् । लेखक यस विषयमा मौन छन् ।

■ फिल्डमा खटिएका प्रहरी, उनीहरूका कमान्डर तथा गुप्तचर प्रमुख, तत्कालीन सिडिओदेखि गृहसचिवसम्म गरी १५० भन्दा धेरैसँग भइसक्यो बयान

■ प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको बयान सकिन बाँकी, लगत्तै ओली र लेखकलाई बोलाउन आयोगको तयारी

नवराज मैनाली/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा भएको मानवीय तथा भौतिक क्षतिको छानबिन गर्न गठन भएको जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई बयानमा बोलाउने निर्णय गरेको छ । तत्कालीन गृहसचिवसम्मको बयान लिइसकेको आयोगको आइतबारको बैठकले ओली र लेखकलाई पनि बयानमा बोलाउने निर्णय गरेको हो ।

'उहाँहरूलाई बयानमा बोलाउने निर्णय भइसकेको छ,' आयोग प्रवक्ता विज्ञानराज शर्माले भने, 'केही दिनमै पत्र लेख्छौं ।' आयोग स्रोतका अनुसार मंगलबार नै पत्राचार गर्ने सम्भावना छ । ओली र लेखकमाथि छानबिनमा

» पृष्ठ ९ मा क्रमशः

१२ पुसमा सकिँदै सभामुख र उपसभामुखको कार्यकाल



सभामुख घिमिरे



उपसभामुख रानामगर

काठमाडौं/ सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा रानामगरको कार्यकाल १२ पुसमा सकिने भएको छ । संविधानमा उम्मेदवारी दाखिला गर्ने अधिल्लो दिनसम्म सभामुख र उपसभामुखको कार्यकाल रहने भनेकाले १२ पुससम्म कार्यकाल रहने आयोगले जनाएको छ ।

संविधानको धारा ९१(६)(क) मा भनिएको छ, 'प्रतिनिधिसभा विघटन भएको अवस्थामा आफ्नो पदमा बहाल रहेका प्रतिनिधिसभाका सभामुख र उपसभामुख प्रतिनिधिसभाका लागि हुने अर्को निर्वाचनको उम्मेदवारी दाखिला गर्ने अधिल्लो दिनसम्म आफ्नो पदमा बहाल रहनेछन् ।' यसैगरी, ऐनको दफा २८(८) मा 'दलले यस दफाबमोजिम तयार भएको उम्मेदवारको बन्दसूची दफा ७ को उपदफा (३) बमोजिम तोकिएको समयभित्र आयोगमा पेस गर्नुपर्नेछ । यसरी बन्दसूची आयोगमा पेस गरेपछि उम्मेदवारको मनोनयन गरेको मानिनेछ' भनिएको छ ।

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि १३ र १४ पुसमा समानुपातिकतर्फको बन्दसूची बुझाउने समय तोकेको छ । आयोगको कानुन तथा राजनीतिक महाशाखाका अनुसार बन्दसूची बुझाएपछि उम्मेदवारको मनोनयन गरेको मानिन्छ ।

११ पुसमा सुदूरपश्चिम प्रदेश सभा बैठक

धनगढी/ सुदूरपश्चिम प्रदेश सभा बैठक ११ पुस बस्ने भएको छ। सोमबार कार्य व्यवस्था परामर्श समितिको बैठकपछि सभामुख भीमबहादुर भण्डारीले ११ पुस दिउँसो २ बजे बैठकको मिति तय गरेका प्रदेश सभा सचिवालयले जनाएको छ। कार्यव्यवस्था परामर्श समितिका सदस्यसमेत रहेका कांग्रेस संसदीय दलका प्रमुख सचेतक विक्रमसिंह धामीले लामो समयदेखि बस्न नसकेको प्रदेश सभा बैठक बोलाउने सहमति बनेको बताए। बैठकको एजेन्डा भने परामर्श समितिको अर्को बैठकले तय गर्ने उनले जानकारी दिए।

एजेन्डा तय गर्नुअघि परामर्श समितिले सदनमा विचाराधीन विधेयक कसरी अगाडि बढाउने भनेर मुख्यमन्त्री कमलबहादुर शाहसँग छलफल गर्ने भएको छ। 'सभामुखसहित परामर्श समितिका सदस्यहरू मुख्यमन्त्रीसँग भोलि अनौपचारिक छलफल गर्छौं,' धामीले भने, 'छलफलपछि बैठकका एजेन्डा तय हुन्छन्।'

जेन-जी आन्दोलनपछि सुदूरपश्चिम प्रदेश सभा बैठक बस्न सकेको छैन। आन्दोलनका वेला गरिएको आगजनीका कारण प्रदेश सभा भवनमा क्षति पुगेपछि बैठक बस्न नसकेको हो। आगजनीबाट प्रदेश सभा बैठक कक्ष, सचिवालय, संसदीय दलका कार्यालयहरू जलेर नष्ट भएका छन्।

पालिकाभरका विद्यालयको निगरानी नगरपालिकाबाटै

भैरहवा/ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न लुम्बिनी सांस्कृतिक नगरपालिकाले डिजिटल अनुगमनको व्यावस्था गरेको छ। विद्यालय समयमा शिक्षक स्कुल नपुग्ने, बिचमै छाडेर हिँड्ने, विद्यालयमै भए पनि कक्षाकोठामा नजाने र विद्यार्थीलाई पढाउन चासो नराख्ने शिक्षक-कर्मचारीलाई कडाइ गर्न नगरपालिकाको शिक्षा शाखाबाटै सिसिटिभी क्यामेरामार्फत निगरानी गर्न थालेको हो।

नगरपालिकाका शिक्षा शाखा प्रमुख हरिप्रसाद ज्ञवालीका अनुसार नगरभित्र रहेको नौवटा माध्यमिक विद्यालयमा सिसिटिभी क्यामेरा जडान गरी निगरानी एवं अनुगमनको व्यवस्था मिलाएको छ। सिसिटिभी क्यामेराबाट शिक्षक के गरिरहेका छन् भनेर हेर्ने मात्र होइन, के कुरा गरिरहेका छन्, के पढाइ भइरहेको छ भनेर अडियोसमेत सुन्न सकिने गरी व्यवस्था मिलाएको प्रमुख ज्ञवालीको भनाइ छ। विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि नगरपालिकाले चालू आर्थिक वर्षमा १० लाख रुपैयाँ विनियोजन गरेको छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८२/०९/०८

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) तल तोकिएको समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणी तथा धनजमानीकर्ताको विवरण	धितो/धनजमानीकर्ता तथा धितोमा रहेको सम्पत्तिको विवरण	
१. आइत लक्ष्मी राई **ना.प्र.नं.**: १२७३९/०५६/५७ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सुनसरी बाबु : भक्त बहादुर राई बाजे : राम चन्द्र राई ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१५, हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.०७ **शाखा कार्यालय : ठमेल** **कर्जा शीर्षक : सजिलो लघु कर्जा (न्युन लागत आवस कर्जा) तथा सवारी कर्जा** **धनजमानीकर्ताको विवरण** **सन्तोष पौडेल** ना.प्र.नं.: ४२१०५५/८९३२३ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, स्याङ्जा बाबु : पुर्ण वहादुर पौडेल बाजे : तुलसी राम पौडेल ठेगानाः स्याङ्जा जिल्ला, आँधिखोला गा.पा. वडा नं.०२, हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं.०७	**अलिशा प्रधान** **ना.प्र.नं.**: ०६-०२-७३-००६२० जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सुनसरी बाबु : रविन कुमार प्रधान बाजे : सिल कुमार प्रधान ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१५, हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.०७ १) आइत लक्ष्मी राईको नाममा मालपोत कार्यालय, खोटाङमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) धितोमा रहेको घर जग्गाको ठेगाना तथा नक्सा सिट नं.: दिक्तेल -०६, खोटाङ; कित्ता नं.: २६६४; क्षेत्रफल (बि/रो/व.मि.): ५-०-०-० (२५४३.७०) साथै सम्पूर्ण लिगलगापात समेत।	२. आइत लक्ष्मी राई ऋणी कायम भई कामना सेवा विकास बैंकको नाममा यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन)। **सवारी साधनको विवरण** मोडल: BJ6609U2DDA-R4 बनेको साल: २०२० दर्ता नं.: प्र-३-०१-००६-ख-१२३२ ईन्जिन नं.: 76767181 च्यासिस नं.: LVCB2NBA3LS014259 कम्पनी: FOTON E TRADE ३.आइत लक्ष्मी राई ऋणी कायम भई कामना सेवा विकास बैंकको नाममा यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन)। **सवारी साधनको विवरण** मोडल: BJ6609U2DDA-R4 बनेको साल: २०२० दर्ता नं.: प्र-३-०१-००६-ख-१५७६ ईन्जिन नं.: 76767179 च्यासिस नं.: LVCB2NBAXLS014243 कम्पनी: FOTON E TRADE Pvt. Ltd
२. डिभाईन कृषि विकास केन्द्र प्रा.लि. **दर्ता नं.**: २३८४१७/०७७/०७८ ठेगाना : धनगढीमाई न.पा.वडा नं.०८, सिरहा दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, इटहरि, सुनसरी स्थायी लेखा नं.: ६०९७६१२६१ **अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ताः संदीप कुमार सिंह** **ना.प्र.नं.**: १५-०१-६९-०२८२३ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा बाबु : महेन्द्र कुमार सिंह महतो बाजे : सुव लाल सिंह महतो ठेगाना : सिरहा जिल्ला, अयोध्यानगर गा.वि.स. वडा नं.०६, हाल धनगढीमाई न.पा.वडा नं.०८ **शाखा कार्यालय : माहुली** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (अधिविकर्ष)**	**महेन्द्र कुमार सिंह महतो** **ना.प्र.नं.**: १३६४/१०० जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा बाबु : सुव लाल सिंह महतो बाजे : ठिठर महतो ठेगाना : सिरहा जिल्ला, अयोध्यानगर गाँउ पञ्चायत वडा नं.०६, हाल धनगढीमाई न.पा.वडा नं.०८ **श्याम कुमारी महतो** **ना.प्र.नं.**: ५० जारी गर्ने कार्यालः जिल्ला प्रशासन कार्यालय, सिरहा पति : महेन्द्र कुमार सिंह महतो ससुरा : सुव लाल सिंह महतो ठेगानाः सिरहा जिल्ला, हनुमाननगर गा.वि.स. /उ.म.न.पा.वडा नं.०५, हाल धनगढीमाई न.पा.वडा नं.०८ **सविना कुमारी सिंह** **ना.प्र.नं.**: १५-०१-७४-०६६५३ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा बाबु : महेन्द्र कुमार सिंह महतो बाजे : सुव लाल सिंह महतो ठेगाना : सिरहा जिल्ला, धनगढीमाई न.पा.वडा नं.०८	१. महेन्द्र कुमार सिंह महतोको नाममा मालपोत कार्यालय, लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) अयोध्यानगर -०५, नक्सा सिट नं.५क; कित्ता नं.: ४१३; क्षेत्रफल: ०-१-४-० अयोध्यानगर -०६, नक्सा सिट नं.६; कित्ता नं.: ४४३; क्षेत्रफल: ०-५-८-० साथै, सम्पूर्ण लिगलगापात समेत।
३. न्यू एस आर पाल्पाली सुन चाँदी पसल एण्ड गहना सप्लायर्स प्रा.फ.र.नं.: ४८४२४/०७७, स्थानीय व्यापार ठेगाना : बुटवल उ.म.न.पा.वडा नं.०५, रुपन्देही जारी गर्ने कार्यालय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, रुपन्देही स्थायी लेखा नं.: ६१३२०८९०७ **प्रोप्राईटर/धनजमानीकर्ता : मुना लोहागुन** **ना.प्र.नं.**: ३९-०१-७४-०६६२६ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, पाल्पा पति : तुल बहादुर लोहागुन ससुरा : शेर बहादुर लोहागुन ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा.वडा नं.१२, हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं.११	**तुल बहादुर लोहागुन** **ना.प्र.नं.**: ३९-०१-७६-०५१४१ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, पाल्पा बाबु : शेर बहादुर लोहागुन बाजे : डण्डविर ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा.वडा नं.१२, हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं.११ **शाखा कार्यालय : होराइजनचोक** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक) फर्मको नाममा तथा प्रोप्राईटर मुना लोहागुनको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा**	१. तुल बहादुर लोहागुनको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी (ब.सु.प) मा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) सुनवल -०३, नक्सा सिट नं.३ग; कित्ता नं.: ७६६; क्षेत्रफल: ०-१-२-२ (३८०.९७) साथै सम्पूर्ण लिगलगापात समेत। २. तुल बहादुर लोहागुनको नाममा मालपोत कार्यालय, परासी, नवलपरासी (ब.सु.प) मा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) माकर -०९, नक्सा सिट नं.९घ; कित्ता नं.: ९९३; क्षेत्रफल: ०-०-१५-० (२५३.९५) माकर -०९, नक्सा सिट नं.९घ; कित्ता नं.: ९९४; क्षेत्रफल: ०-०-१४.५-० (२४५.४८) साथै, सम्पूर्ण लिगलगापात समेत।
४. बाबा विश्वकर्मा ट्रेडर्स एण्ड सप्लायर्स **प्रा.फ.र.नं.**: १४३०५/२०७७/०७८ **स्थानीय व्यापार** ठेगाना : सिंगराही मटिअर्वा-०३, हाल लहान न.पा. वडा नं.०८, सिराहा दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहा स्थायी लेखा नं.: ६१५९२९२३१ **प्रोप्राईटर/धनजमानीकर्ता : विनोद कुमार ठाकुर** **ना.प्र.नं.**: १५-०१-७१-०३५०२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा बाबु : राम स्वरुप ठाकुर वडही बाजे : रामेश्वर ठाकुर ठेगाना : सिराहा जिल्ला, बरियारपट्टी गा.वि.स. वडा नं.०९, हाल बरियारपट्टी गा.पा.वडा नं.०३ **शाखा कार्यालय : लहान** **कर्जा शीर्षक : सरल व्यापार (अधिविकर्ष) कर्जा**	**राम स्वरुप ठाकुर वडही** **ना.प्र.नं.**: ०९२३१०४८-३०७२ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा बाबु : रामेश्वर ठाकुर बाजे : कन्हाई ठाकुर ठेगाना : सिराहा जिल्ला, बरियारपट्टी गा.पा.वडा नं.०३ **देवमुनि देवी** **ना.प्र.नं.**: ०३२३४८०५ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा पति : राम स्वरुप ठाकुर वडही ससुरा : रामेश्वर ठाकुर ठेगाना : सिराहा जिल्ला, बरियारपट्टी नगर/गाँउ पञ्चायत वडा नं.०९, हाल बरियारपट्टी गा.पा.वडा नं.०३ **वीरेन्द्र कुमार ठाकुर** **ना.प्र.नं.**: १५३०४२/१० जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा बाबु : राम स्वरुप ठाकुर वडही बाजे : रामेश्वर ठाकुर ठेगाना : सिराहा जिल्ला, बरियारपट्टी गा.वि.स वडा नं.०९, हाल बरियारपट्टी गा.पा.वडा नं.०३	**उर्मिला ठाकुर** **ना.प्र.नं.**: १५-०१-७५-०१९७७ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा पति : वीरेन्द्र कुमार ठाकुर ससुरा : राम स्वरुप ठाकुर वडही ठेगाना : सिराहा जिल्ला, बरियारपट्टी गा.पा.वडा नं.०३ १.राम स्वरुप ठाकुर वडहीको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) वरियारपट्टी-०९, नक्सा सिट नं.९ख; कित्ता नं.: २८६; क्षेत्रफल: ०-८-०-० (२७०९.०४) साथै, सम्पूर्ण लिगलगापात समेत।
५. सन्तोष होटल **दर्ता नं** : ३४७/३१६/१८४७० ठेगाना : अर्जुनधारा -०८, झापा दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापा स्थायी लेखा नं.: ३०३०८३०७२ **प्रोप्राईटर/धनजमानीकर्ता : संन्तोष श्रेष्ठ** **ना.प्र.नं.**: ६९७१२८९६ जारी गर्ने कार्यालय : जि.प्र.का. झापा बाबु : हेम बहादुर श्रेष्ठ बाजे : देबी बहादुर श्रेष्ठ ठेगाना : झापा जिल्ला, अर्जुनधारा गा.वि.स./ उ.म.न.पा.वडा नं.०२ हाल अर्जुनधारा न.पा.वडा नं.०८	**रचना श्रेष्ठ** **ना.प्र.नं.** : ०४१०११/१५११ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा पति : संन्तोष श्रेष्ठ ससुरा : हेम बहादुर श्रेष्ठ ठेगाना : झापा जिल्ला, अर्जुनधारा गा.वि.स./ उ.म.न.पा.वडा नं.०२ हाल अर्जुनधारा न.पा.वडा नं.०८ **शाखा कार्यालय : बुधबारे** **कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक**	१.रचना श्रेष्ठको नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) शनिश्चरे-०१, झापा; कित्ता नं.: ४५९; क्षेत्रफल: ०-०-१०-० (१६९.३०) घर लगायत सम्पूर्ण लिगलगापात समेत।
६. अनिश फेन्सी स्टोर्स **प्रा.फ.दर्ता नं.**: २३८२/२०७७/०७८ ठेगाना : सुनिलस्मृति गा.पा.वडा नं.०३, रोल्पा दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रोल्पा स्थायी लेखा नं.: ६१४३८३८५४ **प्रोप्राईटर/धनजमानीकर्ताः सरफ दिन मिया** **ना.प्र.नं.** : ८४१/४२२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची बाबु : जितमान मियाँ बाजे : अलि मियाँ ठेगाना : अर्घाखाँची जिल्ला, वल्कोट गा.वि.स./ उ.म.न.पा. वडा नं.०८, हाल रोल्पा जिल्ला सुनिलस्मृति गा.पा.वडा नं.०३ **शाखा कार्यालय : घोराही/जसपुर** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक) तथा प्रोप्राईटर सरफ दिन मियाको नाममा ओडि कार्ड कर्जा समेत।**	**सफिरा मियाँ** **ना.प्र.नं.**: ४०-०१-७१-०४९५५ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची पति : सरफ दिन मियाँ ससुरा : जितमान मियाँ ठेगाना : अर्घाखाँची जिल्ला, वल्कोट गा.वि.स./ उ.म.न.पा.वडा नं.०८, हाल रोल्पा जिल्ला, सुनिलस्मृति गा.पा.वडा नं.०३ १.सरफ दिन मिया को नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) गंगोलिया-०२, नक्सा सिट नं.२क; कित्ता नं.: १३७८; क्षेत्रफल: ०-०-१०-० (१६९.३०) साथै, सम्पूर्ण लिगलगापात समेत।	२.सरफ दिन मियाको नाममा मालपोत कार्यालय, चन्द्रौटा, कपिलवस्तुमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) विशुनपुर-०२, कपिलवस्तु; कित्ता नं.: ११४०; क्षेत्रफल: ०-१-६-० (४४०.२१) साथै, सम्पूर्ण लिगलगापात समेत।
७. समिक्षा जनरल स्टोर **दर्ता.नं.**: ३५५६/३८२२/०६९ ठेगाना : बर्दघाट न.पा.वडा नं.११, नवलपरासी दर्ता गर्ने कार्यालय : वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी/रामग्राम नगर पालिका नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, परासी, नवलपरासी स्थायी लेखा नं.: ६००४५१५३२ **प्रोप्राईटर/धनजमानीकर्ता : बेचन प्रसाद ठाकुर (हजाम)** **ना.प्र.नं.**: ७४१५४ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी बाबु : गुल्ली प्रसाद हजाम बाजे : रामजी ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा.वडा नं.११	**गिता कुमारी नाउ** **ना.प्र.नं.**: ३६३०४८/२०८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी पति : बेचन प्रसाद ठाकुर (हजाम) ससुरा : गुल्ली प्रसाद हजाम ठेगाना : नवलपरासी जिल्ला, रुपौलीया गा.वि.स. वडा नं.०५ हाल बर्दघाट न.पा.वडा नं.११ **शाखा कार्यालय : परासी** **कर्जा शीर्षक : सरल व्यापार अधिविकर्ष कर्जा**	१.बेचन प्रसाद ठाकुर (हजाम) को नाममा मालपोत कार्यालय, परासी, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) जहदा -०५, नक्सा सिट नं.५ख; कित्ता नं.: ४०३; क्षेत्रफल: ०-४-०-० (१३५४.५६) जहदा -०५, नक्सा सिट नं.५ख; कित्ता नं.: ४०५; क्षेत्रफल: ०-४-०-० (१३५४.५६) साथै, सम्पूर्ण लिगलगापात समेत।
८. हरिचन्द्र श्रेष्ठ **ना.प्र.नं.**: १०८९ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा बाबु : धनु श्रेष्ठ बाजेः नरध्वज श्रेष्ठ ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं.०२, हाल गोलवजार न.पा. वडा नं.०७ **शाखा कार्यालय : लहान** **कर्जा शीर्षक : सजिलो लघु कर्जा (अधिविकर्ष)**	**कमला श्रेष्ठ** **ना.प्र.नं.**: २३११४३२२२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा पति : हरिचन्द्र श्रेष्ठ ससुरा : धनु श्रेष्ठ ठेगाना : झापा जिल्ला, दमक न.पा.वडा नं.०८, हाल सिरहा जिल्ला गोलवजार न.पा. वडा नं.०७	१.हरिचन्द्र श्रेष्ठको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसार को सम्पत्ति (घर/जग्गा) चन्द्र लालपुर-०२, सिराहा; कित्ता नं.: २६४; क्षेत्रफल: ०-११-८.५-० (३८६८.८४) साथै, सम्पूर्ण लिगलगापात समेत।
९. न्यू प्यूठानी फेन्सी स्टोर **प्रा.फ.दर्ता नं.**: २४३५/२०७७/०७८ ठेगाना :सुनिल स्मृति गा.पा.वडा नं.०३, रोल्पा जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रोल्पा स्थायी लेखा नं.: ६१५०७४८५८ **प्रोप्राईटर/धनजमानीकर्ता : जुम्मन मियाँ** **ना.प्र.नं.** : २१०४/६६५ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, प्यूठान बाबु : रामजान मियाँ बाजे : इमोदीन मियाँ ठेगाना : प्यूठान जिल्ला, हंसपुर गा.वि.स.वडा नं.०६, हाल रोल्पा जिल्ला, सुनिलस्मृति गा.पा. वडा नं.०३ **शाखा कार्यालय : घोराही/जस्पुर** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक)।**	**सबु मियाँनी** **ना.प्र.नं.** : २२९०/६९८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, प्यूठान पति : जुम्मन मियाँ ससुरा : रामजान मियाँ ठेगाना : प्यूठान जिल्ला हंसपुर गा.वि.स. वडा नं.०६, हाल रोल्पा जिल्ला सुनिलस्मृति गा.पा. वडा नं.०३	१. जुम्मन मियाँको नाममा मालपोत कार्यालय, जस्पुर, प्युठानमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) हंसपुर-०६, प्युठान; कित्ता नं.: २२६; क्षेत्रफल: १०-४-३-१ (५२४०.४२) साथै, सम्पूर्ण लिगलगापात समेत।
१०. राजु सुनार **ना.प्र.नं.**: २८५ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कैलाली (ई.प्र.शाखा टिकापुर) बाबु : सहवीर सुनार बाजे : कारविर सुनार ठेगाना : कैलाली जिल्ला, बलिया गा.वि.स.वडा नं.०८ हाल लम्कीचुहा न.पा.वडा नं.०१ **शाखा कार्यालय : ठमेल** **कर्जा शीर्षक : सवारी कर्जा**	**विमला देवी सुनार** **ना.प्र.नं.**: ३७९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कैलाली (ई.प्र.शाखा टिकापुर) पति : राजु सुनार ससुरा : सहवीर सुनार ठेगाना : कैलाली जिल्ला बलिया गा.वि.स.वडा नं.०८ हाल लम्कीचुहा न.पा.वडा नं.०१	१. राजु सुनार ऋणी कायम भई कामना सेवा विकास बैंकको नाममा यातायात व्यवस्था कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन)। **सवारी साधनको विवरण** मोडल: BJ6609U2DDA-RA बनेको साल: २०२० दर्ता नं.: सु.प.प्र-०१-००१-ख-२५८८ ईन्जिन नं.: 76767184 च्यासिस नं.: LVCB2NBA6LS014255 कम्पनी: FOTON E TRADE
११. संगिता चौधरी **ना.प्र.नं.**: १६३०७८/५४६ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सप्तरी पति : अन्जित कुमार चौधरी ससुरा : देवानन्द चौधरी ठेगाना : सप्तरी जिल्ला ई. फुलवरिया गा.वि.स. वडा नं.०१, हाल खडक न.पा.वडा नं.१० **शाखा कार्यालय : माहुली** **कर्जा शीर्षक : व्यक्तिगत इक्विटी कर्जा।**	**देवानन्द चौधरी** **ना.प्र.नं.**: ३८२३००२५ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : चन्द्र सिं.चौधरी बाजे : भोली चौधरी ठेगाना : सप्तरी जिल्ला, फुलवरिया गा.वि.स. वडा नं.०१, हाल खडक न.पा.वडा नं.१० **अन्जित कुमार चौधरी** **ना.प्र.नं.**: २७९९ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सप्तरी बाबु : देवानन्द चौधरी बाजे : चन्द्र सिं.चौधरी ठेगाना : सप्तरी जिल्ला ई. फुलवरिया गा.वि.स. वडा नं.०१, हाल खडक न.पा.वडा नं.१०	१.संगिता चौधरीको नाममा मालपोत कार्यालय, राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) मोहनपुर-०५, नक्सा सिट नं.५ख; कित्ता नं.: १२८२; क्षेत्रफल: ०-०-१८-० (३०४.७४) साथै, सम्पूर्ण लिगलगापात समेत।
१२. सिहदेवि ज्वेलर्स **प्रा.फ.नं.घ.उ.मो.**: १८३००/०७७/०७८ ठेगाना : वेलवारी न.पा. वडा नं. ०१, मोरङ जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योगको कार्यालय, मोरङ, विराटनगर स्थायी लेखा नं.: ३०२८५०४१९ **प्रोप्राईटर/धनजमानीकर्ता : योगेन्द्र वहादुर वराइली** **ना.प्र.नं.**: ०५-०१-७९-१०३३४ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : केशर सिंह वराइली बाजे : भानुभक्त वराइली ठेगाना : मोरङ जिल्ला, वेलवारी न.पा.वडा नं. ०१	**राधा वराईलि** **ना.प्र.नं.**: ७१३३/१०५३३ जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सुनसरी पति : योगेन्द्र वहादुर वराइली ससुरा : केशर सिंह वराइली ठेगाना : तेह्रथुम जिल्ला, सावला गाउँ पञ्चायत वडा नं.०५, हाल, मोरङ जिल्ला, वेलवारी न.पा.वडा नं.०१ **शाखा कार्यालय : विराटचोक** **कर्जा शीर्षक : मध्यम व्यापार कर्जा (आवधिक र अधिविकर्ष) फर्मको नाममा तथा प्रोप्राईटर योगेन्द्र वहादुर वराइलीको नाममा सजिलो लघु कर्जा (आवधिक) समेत**	१. राधा वराइलीको नाममा मालपोत कार्यालय, बेलबारी मोरङमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) कसेनी-०१, मोरङ सिट नं. १ग; कित्ता नं.: २८२; क्षेत्रफल: ०-०-५-० (८४.६५) कसेनी-०१, मोरङ सिट नं. १ग; कित्ता नं.: १६५; क्षेत्रफल: ०-०-१०-० (१६९.२९) साथै, सम्पूर्ण लिगलगापात समेत।

» पृष्ठ ३ मा क्रमशः

निर्वाचनबारे प्रधानमन्त्रीको सर्वपक्षीय छलफल

भयरहित वातावरण बनाउन सरकारलाई दलहरूको सुझाव

निर्वाचन कानुन संशोधन गर्न दलहरूको अस्वीकार, अध्यादेश ल्याउनेतिर नलाग्न प्रधानमन्त्रीलाई आग्रह



सुशीला कार्की
प्रधानमन्त्री

निर्वाचन हाम्रा लागि कुनै एउटा संकटको घडी होइन । खुसीको घडी हो, उत्साह हो, एउटा परिवर्तनको मार्ग हो । मेरो गोरुको बाह्रै टक्का भनेर न हामी सफल हुन सक्छौं, न त्यो सफलताको मार्ग नै हो । जनताले परिवर्तन खोजेको छ भने राजनीतिक दलले पनि सच्चिनुपर्दछ, सबै निर्वाचनमा आइदिनुहोस् ।

कमलराज भट्ट/नयाँ पत्रिका

दलहरूले २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुने प्रतिबद्धता दोहोऱ्याएका छन् । तर, शान्तिसुरक्षाको सुनिश्चितता खोजेका छन् । दलका प्रतिनिधिले भयरहित वातावरण बनाउन सरकारलाई सुझाब दिएका छन् ।

प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा सिंहदरबारमा सरकार, निर्वाचन आयोग, दलहरू, जेन-जी र नागरिक प्रतिनिधिहरूको सर्वपक्षीय छलफलमा शान्तिसुरक्षाको विषय प्राथमिकताका साथ उठेको हो । छलफलमा सरकारले प्रतिनिधिसभा सदस्य निर्वाचन कानुन संशोधनको तयारीका सन्दर्भमा पनि जानकारी गराएको थियो । जसलाई प्रमुख दलहरूले स्वीकार गरेनन् । उनीहरूले निर्वाचनमा केन्द्रित हुन र अध्यादेश ल्याउनेतिर नलाग्न अनुरोध गरे । अन्तरजिल्ला, विदेशमा रहेका नेपालीलाई मतदान र नो भोट अहिले सम्भव नभएको र अर्को चुनावमा गर्ने गरी सहमति गर्न सकिने उनीहरूको भनाइ थियो । दलका प्रतिनिधिले नेताहरूलाई स्थानहद तोकेर कस्तो चुनाव गराउन खोजेको भनेर पनि प्रश्न गरेका थिए ।

कांग्रेस सहमहामन्त्री महेन्द्र यादवले निर्वाचनविना देशले निकास नपाउने भन्दै २१ फागुनको भन्दा कुनै तलमाथि नगरीकन निर्वाचन सम्पन्न गर्न आग्रह गरे । 'कांग्रेसले निर्वाचनका लागि धेरै हदसम्म आन्तरिक तयारी गरिसकेका छौं । तहगत आधारमा उम्मेदवार सिफारिस गरिसकेका छौं,' उनले भने । तर, केही नेताहरूलाई स्थानहद तोकिँदा निर्वाचनको वातावरण नबन्ने उनको भनाइ थियो । 'सारा जनता निर्वाचन चाहिरहेका छन् । निकास नै यही हो । तर, केही प्रावधान नसच्याइकन, सहज नगरीकन, सुरक्षा, भयरहित वातावरण नभईकन कसरी हुन्छ ? प्रधानमन्त्रीको नेचरले पनि भन्छ, निर्वाचन गराए छोड्नुहुन्छ । तर, सबैलाई एक-अर्कासँग भय छ । भयमुक्त वातावरणमा मनोनयन र भोट हाल्ने वातावरण सरकारले बनाउनुपऱ्यो,' उनले भने । यादवले समानुपातिक समय १३ र १४ गते अपुग भएकाले तीन-चार दिन हेरफेर गरिदिनुपर्ने माग गरे । सहमहामन्त्री यादवले निर्वाचनका लागि दलका शीर्ष नेतासँग प्रधानमन्त्रीले छलफल गर्नुपर्ने पनि बताए । 'सबै मिलेर आगामी निर्वाचन सफल पार्नौं । कसैले कसैलाई निषेध नगरौं । भयको वातावरण नबनाऔं । हामी सहयोग गर्न तयार छौं । तर, सर्त सुरक्षाको हो । निष्पक्ष चुनाव होस्,' उनले भने ।

एमाले सचिव महेश बस्नेतले पनि सुरक्षाकै प्रश्न सोधे । '२३ भदौका सहिद र घाइते परिवारले न्याय नपाएको र २४ गते राज्यका ध्वस्त भएका संरचना बनाउने कुरामा सरकार कतिको लागेको छ ?' उनले सोधे, 'म स्वयं पनि पीडित हुँ । मेरो घर आगजनी भएर भाडाको घरमा बसिरहेको छु । राज्यका सम्पत्ति र मेरा घर बनाएर हामी चुनावमा जाने हो कि मेरो जलेको घर हेर्दै मैलै घरदैलो कार्यक्रम गर्नुपर्ने हो ? लुटेका हतियार के कस्ता छन् ? भागेको कैदीहरूको अवस्था के छ ? कता छन् ?'

बस्नेतले आफूहरू निर्वाचनकै पक्षमा भएको बताए । 'सैद्धान्तिक रूपमा हामी निर्वाचनको पक्षमा छौं । आजको वातावरण र संसद् पुनर्स्थापनाको मागसहित यो सरकार असंवैधानिक हो भनेर सर्वोच्च अदालतमा रिट हालिरहेको अवस्थामा २१ गते चुनाव हुँदैन भन्ने हाम्रो निष्कर्ष हो,' उनले भने । बस्नेतले प्रधानमन्त्रीलाई वन टु वन वार्ता गर्न सुझाए । 'ओपन च्यानलबाट छलफल गर्ने वातावरण वान टु वान गर्दा राम्रो हुन्छ । यस्ता फोरममा औपचारिक कुरा न हुन्छ । एउटा औपचारिक निर्णय गर्नुअघि धेरै अनौपचारिक निर्णय गरेर धेरै होमवर्क गरेपछि मात्र निर्वाचनको वातावरण बनाउन सक्छौं । यसतर्फ सरकारको ध्यान गएको छैन,' उनले भने ।

नेपाली कम्युनिस्ट पार्टीका नेता राजेन्द्र पाण्डेले आफूहरू निर्वाचनमा भाग लिएर सम्पन्न गर्न सघाउन तयार रहेको बताए । निष्पक्ष, भयरहित र शान्तिपूर्वक निर्वाचन सम्पन्न हुनुपर्ने र त्यो वातावरण बनाउने काम सरकारको भएको बताए । 'मन्त्रीको बोलीले निर्वाचन भाँडिदै छ । मुख बन्द गरेर काम गर्नुस् । धेरै नबोल्नुस् । अहिले बोल्ने होइन । राष्ट्रले निर्वाचन गराउने ऐतिहासिक जिम्मेवारी दिएको छ । होइन भने छोड्नुस्,' उनले भने ।

सेनाले मात्रै शान्तिसुरक्षा नहुने र चुनाव गराउने प्रहरी नै भएकाले व्यवस्थापन गर्न जरुरी रहेको उनको भनाइ थियो । लुटिएका हतियार, मतदानस्थलको सुरक्षामा पनि ध्यान दिन उनले आग्रह गरे । पाण्डेले विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिनु जायज भए पनि अहिले सम्भव नभएको बताए । 'हामीले गरेको तयारीले पुग्छजस्तो लाग्दैन । पुग्ने कुरा, गर्न सक्ने कुरा गर्नुस् । अध्यादेश ल्याएर २१ फागुन टार्ने काम नगर्नुस् । तपाईंको तयारी पुग्दैन । नपुग्ने कुरा नगरौं,' उनले भने । निर्वाचनको वातावरण बनाउन मूल राजनीतिक दललाई एक्लाएक्लै कुरा गर्न उनले आग्रह गरे ।

रास्वपा नेता शिशिर खनालले विदेशमा रहेका नेपालीलाई मतदान र अन्तरजिल्ला मतदान र नो भोटलाई राजनीतिक मुद्दा बनाएको भन्दै कानुनको सुधारको विषय बनाएको स्वागत गरे । सर्वोच्चले आदेश गरेको १० वर्षमा सत्ता सञ्चालनमा रहेका दलहरूले पालना नगरेको कुरालाई नागरिक सरकारले कार्यान्वयन गर्न खोज्दा किन समर्थन नगर्ने भनेर प्रश्न गरे । व्यावहारिक रूपमा सम्भव नहुने विषयमा कानुनी रूपमा बाटो खोलेर जान अध्यादेश ल्याउनुपर्ने र त्यसलाई स्वामित्व लिने गरी राजनीतिक सहमति गरेर जानुपर्ने उनको भनाइ थियो । चुनावमा शान्तिसुरक्षा जरुरी रहेको, भयरहित वातावरणमा आमसहभागिता, उम्मेदवारको सुरक्षाको ग्यारेन्टी, मतदाताको सुरक्षा आवश्यक रहेकोमा उनले जोड दिए ।

राप्रपाका महामन्त्री राजेन्द्र गुरुङले विदेशमा बस्ने नेपालीको भोटलाई सुनिश्चित गर्नुपर्ने बताए । जेन-जी अगुवा भावना राउत र सागर ढकालले अन्तरजिल्ला, विदेशमा रहेका नेपाली र नो भोटमा स्पष्ट निर्णय दिन अनुरोध गरे । राउतले अन्तरजिल्ला मतदान लागू गर्न माग गरिन् । 'सक्दैनौं भन्ने खालको कुरा आयो । नसक्ने भन्दा पनि इच्छाशक्ति नभएको हो । यो सकिँदैन, हुँदैन नभन्नुस् । हामीलाई फुटबल बनाइएको छ । प्रधानमन्त्रीले गृहमन्त्री गृहमन्त्रीले आयोग, आयोगले राजनीतिक सहमति छैन भन्छ, दलहरूको सहमति छ कि छैन ? छ भने छ भन्नुस्, छैन भने छैन भन्नुस्,' उनले सोधिन् ।

आप्रवासी अभियन्ता सरु जोशीले आप्रवासी श्रमिक नागरिक पनि सम्प्रभु भएकाले मताधिकारको सुनिश्चित हुनुपर्ने बताइन् । नागरिक समाजका अगुवा विद्याधर मल्लिकले कर्मचारी र निर्वाचन आयोगलाई स्रोत दिए धेरै कुरा सम्भव रहेको बताए । दलहरूले जेन-जीको भावना आत्मसात् गरेर जानुपर्नेमा जोड दिँदै अन्तरजिल्ला भोटिङ कम्तीमा समानुपातिकतर्फ गर्न सकिने बताए ।



सोमबार प्रधानमन्त्री कार्यालयमा सरकार, निर्वाचन आयोग, दल, जेन-जी र नागरिक अगुवासहितको सर्वपक्षीय छलफल । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका



महेन्द्र यादव
सहमहामन्त्री, कांग्रेस

हामीले निर्वाचनका लागि धेरैहदसम्म आन्तरिक तयारी गरिसकेका छौं । तहगत आधारमा उम्मेदवार सिफारिस गरिसकेका छौं ।



महेश बस्नेत
सचिव, एमाले

संसद् पुनर्स्थापनाको मागसहित यो सरकार असंवैधानिक हो भनेर सर्वोच्चमा रिट हालेको अवस्थामा २१ गते चुनाव हुँदैन भन्ने हाम्रो निष्कर्ष हो ।



राजेन्द्र पाण्डे
नेता, नेकपा

मन्त्रीको बोलीले निर्वाचन भाँडिदै छ । धेरै नबोल्नुस् । राष्ट्रले निर्वाचन गराउने ऐतिहासिक जिम्मेवारी दिएका छन् । होइन भने छोड्नुस् ।



शिशिर खनाल
नेता, रास्वपा

व्यावहारिक रूपमा सम्भव नहुने विषयमा कानुनी रूपमा बाटो खोलेर जान अध्यादेश ल्याउनुपर्छ । त्यसलाई स्वामित्व लिने गरी सहमति गरेर जानुपर्छ ।

बलवा र लोहारपट्टी नगरपालिकाले दिए जाडो बिदा

महोत्तरी/ महोत्तरीको बलवा र लोहारपट्टी नगरपालिकाले जाडो बिदा दिएको छ । पछिल्लो केही दिनदेखि शीतलहरसँगै चिसो हावा चलेपछि बलवाले दुई दिन र लोहारपट्टी नगरपालिकाले चार दिन बिदा दिएको हो । बालबालिकाको स्वास्थ्यलाई हेरेर जाडो बिदा दिइएको हो । बलवाले ८ र ९ पुस तथा लोहारपट्टीले ८ देखि ११ पुससम्मका लागि सबै सामुदायिक तथा धार्मिक विद्यालय बन्द रहने जनाएका छन् । चिसो र शीतलहरको अवस्थामा सुधार नभए बिदा लम्बिन सक्ने भए पनि तत्काललाई दुई दिन बिदा दिइएको बलवा नगरपालिकाका शिक्षा शाखा प्रमुख राजकिशोर झाले बताए । उनले यो बिदा वर्षे बिदाबाट कट्टा गरिने बताए । लोहारपट्टी नगरपालिकाले समेत अवस्था हेरी थप निर्णय लिन सक्ने जनाएको छ । महोत्तरीमा पछिल्लो समय शीतलहरसँगै बढेको चिसोले जनजीवन प्रभावित भएको हो ।

कार्यकाल सकेर फर्कँदै चिनियाँ राजदूत, ट्रम्पले फिर्ता बोलाए अमेरिकी राजदूत

पर्शुराम काफ्ले/नयाँ पत्रिका

तीन वर्षको कार्यकाल पूरा गरेर नेपालका लागि चिनियाँ राजदूत चेन सङ बुधवार बेइजिङ फर्किँदै छन् भने यहीबेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फिर्ता बोलाएका राजदूतहरूको सूचीमा नेपालका राजदूत डिन आर थम्पसन पनि परेका छन् । नयाँ राजदूतबारे चीन र अमेरिका दुवैले केही बताएका छैनन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पूर्वराष्ट्रपति जो बाइडेनका पालामा विभिन्न २९ देशमा नियुक्त भएका राजदूतलाई एकैसाथ फिर्ता बोलाएका हुन् । अमेरिकी पत्रिका पोलिटिकोले फिर्ता हुने सूचीमा नेपालका लागि राजदूत थम्पसनसमेत परेको समाचार सोमवार यससम्बन्धी प्रकाशित गरेको छ । यसलाई ट्रम्प प्रशासनले कूटनीतिक संरचनामा गरेको यो ठुलो फेरबदलका रूपमा हेरिएको छ ।



चेन सङ



डिन आर थम्पसन

नेपालका लागि राजदूत थम्पसन ४ कात्तिक ०७९ देखि कार्यरत छन् । ट्रम्प प्रशासनले फिर्ता गरेका राजदूतहरू अधिकांश अमेरिकी विदेश मन्त्रालयका कर्मचारी (करिअर डिप्लोम्याट) हुन् । अमेरिकन फरेन सर्भिस एसोसिएसनका अध्यक्ष जोन डिन्केलम्यानले विनाकारण १६ जनवरीभित्र ती राजदूतलाई फिर्ता हुन ट्रम्प प्रशासनले निर्देशन दिएको पोलिटिकोलाई बताएका छन् । पोलिटिकोका अनुसार दक्षिण एसियाका दुई नेपाल र श्रीलंकाबाट राजदूत फिर्ता गरिएका छन् । नेपालका लागि राजदूत थम्पसन र श्रीलंकाका लागि राजदूत जुली चङ फिर्ता हुने सूचीमा छन् ।

यस्तै, अफ्रिकाबाट १३ राजदूत फिर्ता हुने भएका छन्, जसमा बुरुन्डी, क्यामरुन, केप भर्डे, गाबोन, आइभरी कोस्ट, मडागास्कर, मौरीसस, नाइजर, नाइजेरिया, रुवान्डा, सेनेगल, सोमालिया र युगान्डाका राजदूत छन् । एसियाली ६ देश फिजी, लाओस, मार्सल आइल्यान्ड्स, पापुआ न्युगिनी, फिलिपिन्स र भियतनामबाट राजदूत फिर्ता भएका छन् ।

यस्तै, युरोपका चार देश (आर्मेनिया, म्यासेडोनिया, मोन्टेनेग्रो र स्लोभाकिया), मध्यपूर्वका दुई (अल्जेरिया र इजिप्ट) का राजदूत पनि फिर्ता भएका छन् । पश्चिमी गोलार्धका दुई (ग्वाटेमाला र सुरिनाम) देशबाट पनि राजदूत फिर्ता बोलाइएको एएफपीले जनाएको छ ।

यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

ऋणीको विवरण	धितो/धनजमानीकर्ता तथा धितोमा रहेको सम्पत्तिको विवरण	
१३. **सन्दिप कस्मेटिक एण्ड रेडिमेड कपडा पसल** **प्रा.फ.र.नं.: ५००६०/०७७/७८, स्थानिय व्यापार** ठेगाना : गैडहवा गा.पा.वडा नं.०७, रुपन्देही दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही स्थायी लेखा नं.: ६१२८३३३७९ **प्रोप्राईटर/ धनजमानीकर्ता : चन्द्रिका यादव** **ना.प्र.नं.: ३७३०५३/७५०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : श्याम सुन्दर यादव बाजे : मनबोध यादव ठेगाना : रुपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०६, हाल गैडहवा गा.पा वडा नं.०७ **शाखा कार्यालय : मैनिया** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (अधिविकर्ष) तथा प्रोपाईटर चन्द्रिका यादवको व्यक्तिगत नाममा ओडि काडं कर्जा समेत ।**	**उषा यादव** **ना.प्र.नं.: ३७-०१-७३-११४४८** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही पति : चन्द्रिका यादव ससुरा : श्याम सुन्दर यादव ठेगाना : रुपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स.वडा नं.०६, हाल गैडहवा गा.पा.वडा नं. ०७ **सरिता यादव** **ना.प्र.नं.: ३७-०१-७७-०९९५१** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : चन्द्रिका यादव बाजे : श्याम सुन्दर यादव ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा.वडा नं.०७ **सन्दीप यादव** **ना.प्र.नं.: ३७-०१-७४-०८२१७** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : चन्द्रिका यादव बाजे : श्याम सुन्दर यादव ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा वडा नं. ०७	**राम शंकर यादव** **(ओडि काडं कर्जामा मात्र धनजमानीकर्ता)** **ना.प्र.नं.: ३७-०१-७८-१५३८५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही बाबु : चन्द्रिका यादव बाजे : श्याम सुन्दर यादव ठेगाना : रुपन्देही जिल्ला, गैडहवा गा.पा.वडा नं.०७ १. चन्द्रिका यादवको नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ठा कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) धितोमा रहेको घर जग्गाको ठेगाना तथा नक्सा सिट नं. / कित्ता नं. / क्षेत्रफल (बि/रो/व.मि.) सुर्यपुरा -०८, नक्सा सिट नं.८ख / ५२४ / ०-०-२.७५-० (४६.५६) सुर्यपुरा -०६, नक्सा सिट नं.६ख / ७९७ / ०-२-१२-०(८८०.४६) ७६१ / ०-६-०-०(२०३१.५०) ८०३ / ०-४-६-० (१४५६.१५) कित्ता नं.५२४ मा बनेको घर लगायत सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर मा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम बिक्री सम्बन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्बन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मिति भित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा तथा बैंकको पायक पर्ने शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

पूनश्चः उल्लिखित ऋणी/व्यवसायी/करदाता/साझेदार/प्रोप्राइटर/अख्तियार प्राप्त व्यक्ति/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दे-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसे सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थानः
बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२/०९/२२ गते र बोलपत्र खोलिने मितिः २०८२/०९/२३, समयः दिनको : ३:३० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

सडक विस्तारले फेरियो धनगढीको स्वरूप

■ पूर्वाधार विकास कार्यालय कैलालीका प्रमुख **दीपक नेगी भन्छन्–**



सडक विस्तारको काम लगभग सकिएको छ र रोड मार्किङलगायत फिनिसिङका केही काम भइरहेका छन् ।



धनगढीमा **तेजराज भट्ट**

फुटपाथ र मिडियनसहित चार लेन सडक निर्माण भएपछि धनगढी बजारको स्वरूप फेरिएको छ । केही वर्षअघिसम्म साँघुरो र अव्यवस्थित सडक रहेको धनगढीमा फराकिलो र सुविधासम्पन्न सडक पूर्वाधार निर्माणले आवत-जावतमा सहज मात्र भएको छैन, सहरी सौन्दर्य पनि बढेको छ ।

मुख्य बजार क्षेत्रअन्तर्गत धनगढी चौराहादेखि क्याम्पस चोकसम्मै फुटपाथ, ढल निकास, मिडियन, सडक बत्तीसहितको चार लेन सडक निर्माण गरिएको छ । कैलाली पुलदेखि क्याम्पस चोकसम्मको खण्डमा सडक विस्तारको काम अन्तिम चरणमा पुगेको छ । चौराहादेखि कैलाली नालासम्मको खण्ड भने यसअघि नै निर्माण सम्पन्न भएको थियो ।

सुदूरपश्चिम प्रदेश सरकारको ५३ करोड ८२ लाख ८३ हजार रुपैयाँ लगानीमा कैलाली पुलदेखि क्याम्पस चोकसम्म २.३५ किलोमिटर सडक कालोपत्रेको काम सकिएको छ । निर्माण कम्पनी केएस कन्स्ट्रक्सनले अहिले सडक मार्किङ गर्ने, रङरोगन गर्ने, जेब्राक्रसिङ बनाउने, पेन्टिङ गरेर साइकिल लेन छुट्याउने, केही ठाउँमा फुटपाथ बनाउने काम गरिरहेको छ । पूर्वाधार विकास कार्यालय कैलालीका प्रमुख दीपक नेगीले भौतिक प्रगति ९७ प्रतिशत रहेको जानकारी दिए । 'सडक विस्तारको काम लगभग सकिएको छ,' उनले भने, 'रोड मार्किङलगायत फिनिसिङका केही काम भइरहेका छन् ।'

आधुनिक सहरी पूर्वाधारअनुसार बनाइएको यो सडक दुवैतर्फ गरी १९ मिटर चौडाइमा कालोपत्रे गरिएको छ । त्यसमध्ये साढे दुई मिटर साइकल लेनका लागि रहेको पूर्वाधार कार्यालय प्रमुख नेगीले जानकारी दिए । चार लेन सडकबिचमा मिडियन राखिएको छ । ३.८० मिटर चौडाइको फुटपाथ तथा ढल निकासका लागि डेढ मिटर चौडा नाली निर्माण गरिएको छ । यो खण्डमा धनगढी उपमहानगरपालिकाले स्ट्रिट लाइट जडानको काम गरिरहेको छ । मुख्य बजार क्षेत्रअन्तर्गत धनगढी चौराहादेखि कैलाली पुलसम्म १.३८ किलोमिटर चार लेन सडक एसियाली विकास बैंकको ऋण लगानीमा संघीय सरकारद्वारा सञ्चालित क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत निर्माण गरिएको हो । यो खण्ड स्मार्ट स्ट्रिट लाइटले झिलिमिली छ भने मिडियनमा बिरुवा लगाएर हरियाली प्रवर्द्धन गरिएको छ । मुख्य बजार क्षेत्रको दुवै खण्डको सडकमा रेलिङसहितको फुटपाथ छ । केही ठाउँमा उपमहानगरले शौचालय र पार्किङ स्थलको व्यवस्था गरेको छ ।

बजार विस्तार हुँदै गएको धनगढी क्याम्पसचोकदेखि पूर्व तीन किलोमिटर सडक हुलाकी राजमार्गअन्तर्गत चार लेनमा निर्माण गरिएको छ । नगरप्रमुख गोपाल हमालको सक्रियतामा कैलाली पुलदेखि क्याम्पस चोकसम्मको खण्डमा सडक विस्तारका क्रममा चार सय २८ भन्दा बढी संरचना भत्काइएका थिए । सडकको ३० मिटर क्षेत्राधिकार खाली गराउने उपमहानगरको अभियानमा अधिकांश स्थानीयले स्वतस्फूर्त संरचना हटाएर साथ दिएका थिए ।

समयले सुम्पेको साझा दायित्व

रवि, बालेन र कुलमान मिल्न सकेनन् भने जेन-जी आन्दोलन विखण्डित हुनेछ, पुराना शक्ति पुनः हाबी हुनेछन्



● प्रकाश भुसाल

अग्रलेख

नेपालको राजनीति आज एउटा निर्णायक मोडमा उभिएको छ। यो मोड कुनै एक दल, एक नेता वा एक घटनाले बनाएको होइन। यो मोड तीन दशक लामो असफल अभ्यास, टुट्दै गएको जनविश्वास र एकैपटक जागृत भएको नयाँ पुस्ताको सामूहिक चेतनाले बनाएको हो। यही ऐतिहासिक क्षणमा एउटा प्रश्न सम्पूर्ण समाजमाथि उठिरहेको छ- के रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङ अब पनि आ-आफ्नै बाटो हिँडिरहनेछन् या समयले दिएको साझा दायित्व स्विकारेर एउटै राष्ट्रिय यात्रामा उभिनेछन् ?

यो लेख कुनै व्यक्तिको जयगान होइन, न कुनै दलको प्रचार। यो त एउटा राष्ट्रिय दबाबपत्र हो- इतिहास, पुस्ता र लोकतन्त्रले यी तीन व्यक्तिमाथि सुम्पेको जिम्मेवारीको दस्ताबेज। जेन-जी आन्दोलन, चेतनाको उदय : गत भदौको जेन-जी आन्दोलन आकस्मिक आक्रोशको विस्फोट मात्र थिएन। त्यो त लामो समयदेखि भित्रभित्रै उम्लिरहेको असन्तुष्टिको संगठित अभिव्यक्ति थियो। बेरोजगारी, भ्रष्टाचार, अवसरमा पहुँच नहुनु, योग्यताभन्दा चाकडीको शासन- यी सबै कारणले युवापुस्तालाई सडकमा ल्यायो। यसको सबैभन्दा सकारात्मक पक्ष के हो भने युवाले फेरि राजनीतिप्रति चासो राख्न थाले। उनीहरू अब 'राजनीति फोहोरी खेल हो' भनेर पन्छिन चाहँदैनन्, बरु 'राजनीति किन फोहोरी बनाइयो' भनेर प्रश्न गर्न थालेका छन्। यही जागरणले नेपाललाई विश्वमै चकित पार्ने अवस्था सिर्जना गऱ्यो।

तर, यसको अर्को पाटो पनि छ। केही ठाउँमा शक्तिको दुरुपयोग, अराजक व्यवहार र आवेगले आन्दोलनको नैतिक बल कमजोर बनाउने प्रयास भए। यही कारण आजको मुख्य चुनौती आन्दोलनलाई संरक्षण, परिष्करण र संस्थागत दिशा दिनु हो। यदि यो जागरण नेतृत्वविहीन रह्यो भने पुरानै शक्तिले यसलाई 'अराजक' ठहर गरेर दमन गर्नेछ, इतिहासले पटक-पटक देखाइसकेको यथार्थ यही हो।


जेन-जी आन्दोलनले नयाँ राजनीतिक संस्कारको माग गऱ्यो। युवा अब केवल आलोचना होइन, परिणाम देखाउन चाहन्छन्। सडकमा उठेको प्रश्न संसद्, सरकार र संविधानमार्फत समाधान नभए यसको वैधता नै कमजोर हुनेछ। यही वेला रवि लामिछाने धरौटीमा छुटेको समयलाई अवसरका रूपमा परिणत गर्न सकिन्छ। उनको भूमिकाले केवल कानुनी प्रक्रियामा सीमित नभई सबै पक्षलाई साझा पहल गर्न प्रेरित गर्ने क्षमता राख्छ र त्यो क्षमता एउटा सीमित घेरालाई तोडेर ठुलो र उदार मनका साथ सबैको कल्याण र समयको मागका लागि सदुपयोग हुनुपर्छ।

पुरानो राजनीति र गहिरिँदो वितृष्णा : काग्रेस, एमाले र माओवादी (नेकपा) तीनै दल आज जनताको नजरमा विश्वासयोग्य विकल्प रहेनन्। समस्या केवल भ्रष्टाचार होइन, संरचनागत पतन पनि हो। यी दल विचारभन्दा व्यक्ति, नीतिभन्दा स्वार्थ र संगठनभन्दा गुटमा सीमित भए। एमालेमा केपी ओली पुनः निर्वाचित हुँदै हाबी हुनु, नयाँ नेतृत्वलाई अस्वीकार गर्नु र पुरानो संरचना जोगाउने प्रयास हुनु, काग्रेसमा शेरबहादुर देउवाको फेरि चुनाव लड्ने चाहना देखिनु, गगन थापाहरूविरुद्ध मोर्चाबन्दी हुनु र संसद् पुनर्स्थापनाको माग गर्दै अदालतलाई राजनीतिक दबाबमा पार्ने प्रयास हुनुले पुरानो नेतृत्व परिवर्तन होइन, सत्ता दोहोऱ्याउने रणनीतिमा मात्रै केन्द्रित छ भन्ने प्रमाणित हुन्छ। यही कारण नागरिकमा वितृष्णा गहिरिँदै गएको छ। जनताले नयाँ अनुहार मात्र होइन, नयाँ संस्कार खोजिरहेका छन्। पुरानो शक्तिले आफ्नो स्वार्थ र गुटलाई प्राथमिकता दिन्छ। नयाँ पुस्ता अब यो स्विकार्न चाहँदैन। युवाले परिणाममुखी, जवाफदेही र पारदर्शी नेतृत्व खोजिरहेका छन्।

रवि-बालेन-कुलमानको मिलनले यही गतिरोधलाई तोड्न सक्छ। तीनैजनाले साझा पहल गरेर पुरानो शक्तिको प्रभावलाई सन्तुलनमा राख्नुपर्छ। रवि धरौटीमा रहेकै वेला उनले सबै पक्षलाई जुटाउन पहल गर्नुपर्छ, बालेनको प्रशासनिक अनुभव र कुलमानको संस्थागत दक्षता मिसाएर एउटै दिशा निर्माण गर्नु जरुरी छ।

रवि, बालेन र कुलमान, किन यी तीन ? : रवि लामिछाने जनआक्रोशका भाष्य हुन्। उनको भाषणले आमनागरिकको दबिएको आवाज बोल्छ। बालेन शाह युवाको आत्मविश्वास र अस्वीकारोक्तिका प्रतीक हुन्। उनका स्ट्याटस मौन तर शक्तिशाली राजनीतिक वक्तव्यजस्ता देखिन्छन्। कुलमान घिसिङ भने भाषण होइन, एक्सन हुन्, काम गरेर देखाउने क्षमताको जीवित प्रमाण। यी तीनैका आआफ्नै कमजोरी पनि नभएका होइनन्। तर, यिनै तीनमा आजको नेपाललाई चाहिने पूरक क्षमता पनि छ। रविको राजनीतिक कमान्ड, बालेनको उत्प्रेरक शक्ति र कुलमानको कार्यान्वयन क्षमता, यी एकै ठाउँ आए भने त्यो केवल दल होइन, राष्ट्रिय परियोजना बन्न सक्छ।

तर, एउटा स्पष्ट चेतावनी आवश्यक छ, यी तीनैजना आसेपासेको साँघुरो घेरामा पर्नुहुँदैन। तर, विडम्बना !



पुराना राजनीतिक दलको कमजोरी दोहोऱ्याउँदै यिनीहरूका आसेपासेले नेतृत्वलाई सीमित घेराभित्रै राख्न खोजेजस्तो पनि देखिन्छ। केपी ओलीलाई बा भनेभैँ यिनका कार्यकर्ता, शुभचिन्तक कतै एमाले पथमा जान लागेका त होइनन् भन्ने आशंका पनि पैदा हुन्छ। यिनले यसबाट सचेत हुनु जरुरी छ। हो, पुरानो राजनीति यहीँ चुक्यो। 'राम्रा'लाई भन्दा 'आफ्ना'लाई जोगाउने प्रवृत्तिले नै सबै आन्दोलन विफल भए। यदि नयाँ शक्ति पनि यही बाटामा गए भने जनताले माफी दिनेछैनन्। अहिले आमसर्वसाधारण नागरिकले बालेनको मौनता, रविको गर्जन र कुलमानको 'एक्सन'बाट धेरै आशा गरेका छन्।

> रविको राजनीतिक कमान्ड, बालेनको उत्प्रेरक शक्ति र कुलमानको कार्यान्वयन क्षमता, यी सबै एकै ठाउँ आए भने त्यो केवल दल होइन, राष्ट्रिय परियोजना बन्न सक्छ

निर्वाचन लोकतन्त्रको एक मात्र बाटो : रवि लामिछाने धरौटीमा बाहिर निस्किएका छन्। यो केवल कानुनी प्रक्रिया होइन, लोकतान्त्रिक परीक्षाको घडी पनि हो। पुराना शक्तिले प्रतिशोधको राजनीति गर्ने स्पष्ट छ। समयमै निर्वाचन भएन भने जेन-जी र नयाँ शक्तिमाथि प्रतिशोध झन् तीव्र हुनेछ। लोकतन्त्रमा निर्वाचनको विकल्प हुँदैन। त्यसैले, यी तीनैजनाले स्पष्ट रूपमा समयमै निर्वाचनको माग गर्दै संयुक्त पहल लिनुपर्छ। चुनावबाट भाग्ने होइन, चुनाव जितेर प्रणाली बदल्ने साहस देखाउनुपर्छ। निर्वाचनले केवल व्यक्तिको लोकप्रियता होइन, प्रणालीगत सुधार र संस्थागत शक्ति सुदृढ गर्नुपर्छ। साझा मोर्चा, साझा रणनीति र स्पष्ट एजेन्डाविना, जनताले विश्वास गर्न सक्दैन।

साझा चुनावी मोर्चा, रास्वपा र उज्यालो नेपाल : हालको वस्तुस्थितिमा उज्यालो नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) एउटै चुनाव चिह्न (घन्टी) लिएर निर्वाचनमा जानु व्यावहारिक र सन्देशमूलक हुनेछ। यसले मत विभाजन रोकेर दुईतिहाइनजिकको जनादेश सम्भव बनाउँछ। सकिन्छ भने हर्कको श्रम संस्कृति पार्टीलगायत अन्य वैकल्पिक सोच भएकाहरूलाई पनि यस मोर्चामा सामेल गराउनुपर्छ। दुईतिहाइको उद्देश्य सत्ता होइन। उद्देश्य हो, संविधान संशोधन, संरचनागत सुधार र विकासको स्थायी जग। यसले पुराना शक्ति र नयाँ नेतृत्वबिच सन्तुलन कायम गर्ने अवसर दिन्छ।

निर्वाचनपछि खुला महाधिवेशन र संस्थागत दल : निर्वाचन जितेपछि सबैभन्दा ठुलो परीक्षा सुरु हुन्छ, दल निर्माणको। व्यक्तिकेन्द्रित दल होइन, संस्थागत, लोकतान्त्रिक र पारदर्शी पार्टी निर्माण नै दीर्घकालीन समाधान हो। खुला महाधिवेशनमार्फत पार्टीको नाम, सिद्धान्त, विधान र नेतृत्व तय गरिनुपर्छ। पार्टीको मूल आधार हुनुपर्छ, स्वाभिमान र सबैको समृद्धि। यो दल लोकतान्त्रिक, प्रगतिशील, समानुपातिक-समावेशी र अग्रगामी चरित्रको हुनुपर्छ। सबै तहको नेतृत्व सार्वभौम सदस्यको प्रत्यक्ष मतबाट चयन होस्। भौगोलिक, जनसंख्या, समुदाय, उमेर र लैंगिक आधारमा पूर्ण समानुपातिक संरचना अनिवार्य होस्। नेतृत्व एक व्यक्ति, बढीमा दुई कार्यकाल, निरन्तर नहुने गरी अधिकतम आठ-दश वर्षसम्म सीमित रहोस्। पार्टी कोष पारदर्शी होस्। खर्चको सीमा नाघे उम्मेदवारी खारेज होस्। अल्पमत पक्षलाई निर्भीक आलोचनाको पूर्ण अधिकार होस्। कुशासन र भ्रष्टाचारसँग शून्य सहनशीलता अपनाइयोस्। नेतृत्वमा कुनै पनि नैतिक संकट देखिनासाथ राजीनामा दिई मार्गप्रशस्त गर्ने संस्कार विकास गरियोस्। व्यक्ति पूजा, अन्धभक्ति, जयगान र 'हिरोइज्म' होइन, विवेकसम्मत, तार्किक र संस्थागत प्रक्रियामा विश्वास गरियोस्। चुनावमा एउटै र चुनावपछि अर्को गठबन्धन गरेर मतदातालाई धोका नदिइयोस्। स्पष्ट बहुमत नआएसम्म प्रतिपक्षमा बस्ने धैर्य देखाइयोस्। देश बनाउने गफभन्दा पहिले सुशासित पार्टी बनाएर उदाहरण प्रस्तुत गरियोस्।

नयाँ पुस्ता, राज्य क्षमता र समयको जोखिम : नेपालको राजनीतिक बहस आज व्यक्ति र घटनाकेन्द्रित भएर मात्र टिक्न सक्दैन। मुख्य प्रश्न राज्यको क्षमता र पुस्तागत भरोसासँग जोडिएको छ। आजको युवा पुस्ता रोजगारी, सेवा प्रवाह, न्याय र अवसरका मामिलामा राज्यलाई अक्षम ठान्न थालेको छ। यही कारण ठुलो संख्यामा युवा बिदेसिन बाध्य छन्। यदि यही अक्षम संरचना यथावत् रह्यो भने आगामी दशक नेपालका लागि जनसांख्यिक लाभ होइन, गहिरो संकटको दशक बन्नेछ। यस्तो अवस्थामा नयाँ नेतृत्वले केवल आलोचना होइन, परिणाम देखाउनुपर्छ। बालेनको काठमाडौंमा देखिएको प्रशासनिक दृढता, कुलमानले ऊर्जा क्षेत्रमा देखाएको संस्थागत सुधार र रविले राजनीतिमा उठाएको जवाफदेहिताको प्रश्न, यी सबै संकेत हुन् कि राज्यले चाहेमा काम गर्न सक्छ। तर, यी प्रयास छरिएर होइन, राष्ट्रिय नीतिगत तहमा एकीकृत हुन जरुरी छ। त्यसका लागि निर्वाचनमार्फत प्राप्त बलियो जनादेश अपरिहार्य हुन्छ।

संविधान संशोधनको बहसलाई पनि यही सन्दर्भमा हेरिनुपर्छ। यो सत्ताकेन्द्रित स्वार्थका लागि होइन, शासन प्रणालीलाई कार्यकुशल बनाउने उपकरणका रूपमा आवश्यक छ। अस्थिर सरकार, अस्वाभाविक गठबन्धन र निर्णयहीनताको चक्र तोड्न स्पष्ट बहुमत र संस्थागत सुधार अनिवार्य छन्। यो अवसर गुम्यो भने पुराना शक्ति फेरि नयाँ अनुहार खोजेर पुरानै शैलीमा फर्कनेछन्। निर्वाचनमा ढिलाइ हुनेछ, अदालत र सडकको राजनीति बलियो हुनेछ र नयाँ पुस्तामाथि प्रतिशोध झन् संस्थागत हुनेछ। त्यसैले आजको प्रश्न 'को लोकप्रिय छ ?' होइन, 'को जिम्मेवारी लिन तयार छ ?' भन्ने हो।

अन्तिम चेतावनी, इतिहासले माफी दिनेछैन : रवि, बालेन र कुलमान मिल्न सकेनन् भने जेन-जी आन्दोलन विखण्डित हुनेछ। पुराना शक्ति पुनः हाबी हुनेछन्। त्यसको सबैभन्दा ठुलो नैतिक जिम्मेवारी यी तीनैजनामाथि आउनेछ। यो अब व्यक्तिगत चाहनाको प्रश्न होइन। यो समयले थोपरेको साझा दायित्व हो। इतिहासले ढोका एकपटक मात्र खोल्छ। यो अवसर गुम्यो भने भविष्यले माफी दिनेछैन। आजै निर्णय गर्ने कि भोलि पछुताउने, यो छनोट अब यी तीनैजनाको हातमा छ।

(भुसाल सामाजिक अभियन्ता हुन्)

---

३ प्रश्न

यातायात पूर्वाधारविज्ञ **आशिष गजुरेल**लाई



■ हाम्रा सडक निर्माण आयोजना सुरु हुन्छन्, तर समयमै पूरा हुँदैनन्। यस्तो किन हुन्छ ?

यसमा ठेक्का लगाउने राज्य र ठेक्का सकार्ने निर्माण व्यवसायी दुवै पक्ष जिम्मेवार हुन्छन्। ठेक्का लगाउँदा जग्गा प्राप्ति भएको हुँदैन। वातावरणीय मूल्यांकन पूरा भएर रुख कटान भएको हुँदैन। भौतिक संरचना भएमा भत्काइएका हुँदैनन्। कहिलेकाहीँ डिजाइन परिवर्तन हुन्छ, तर समयमै निर्णय गरिन्न। राज्यसित पैसा नभएर समयमै पेमेन्ट नहुँदा पनि काम रोकिन्छ। पहिले काम हात पार्ने नियतले कम मूल्यमा ठेक्का सकार्ने र पछि नाफा हुने अवस्था नदेखेपछि 'मोटिभेसन' नहुँदा पनि आयोजनाहरूमा ढिलाइ हुने गरेको देखिन्छ।

■ चक्रपथको कलंकी-महाराजगन्ज खण्ड अस्तव्यस्त हुँदा पनि काम किन सुरु हुन नसकेको होला ?

वैदेशिक सहयोगमा आधारित परियोजनामा विदेशबाट आउने सामानमा भन्सार छुट दिने चलन हुन्छ। भन्सार छुट दिने निश्चित प्रक्रिया हुन्छ। सडक विभागले भौतिक पूर्वाधार मन्त्रालयमा यसबारे प्रस्ताव पठाउँछ। उसले अध्ययन गरेर रायसहितको प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउँछ र त्यहाँबाट निर्णय भएपछि भन्सार विभागमा जान्छ। त्यसपछि मात्र भन्सार छुटको प्रक्रिया अघि बढ्छ। कहिलेकाहीँ कागजपत्र अपुग हुने, भएका कागजपत्र 'अथेन्टिक' नहुने अवस्थाले गर्दा पनि ढिलासुस्ती हुन्छ। कलंकी-महाराजगन्ज खण्डमा पनि यस्तै केही भएको हुनुपर्छ।

■ यस्तो अव्यवस्था या ढिलासुस्ती हटाउने उपाय हुँदैन ?

यसका लागि समयमै आयोजना स्थलमा पर्ने जग्गा अधिग्रहण गरिदिनुपर्छ। रुख कटान गरिनुपर्छ। घरटहरालगायत संरचना भएमा क्षतिपूर्ति उपलब्ध गराई साइट क्लियर गरिनुपर्छ। डिजाइन चेन्ज भएमा समयमै निर्णय गरिदिनुपर्छ। समयमै पेमेन्ट पनि हुनुपर्छ। निर्माण व्यवसायीले पनि ठेक्का ओगटेर मात्र बस्ने प्रवृत्ति त्यागेर समयमै काम सम्पन्न गर्न लागिपर्नुपर्छ। साथै, कम मूल्यमा ठेक्का सकार्ने प्रवृत्तिमा पनि सुधार हुनुपर्छ।

प्रेरक प्रसंग

बुद्ध र माछा

भगवान् बुद्ध एकपटक घुम्दै नदीकिनारमा पुगे। त्यहाँ एउटा माझी जाल हालेर माछा समातिरहेका थिए। फुर्लुङमा राखिएका माछा पानीको अभावमा तड्पीतड्पी मरिरहेका थिए। यो देख्दा बुद्ध ज्यादै द्रवीभूत भए र माझीको नजिक गएर सोधे- तिमी यी निर्दोष माछालाई किन समातिरहेका छौ ? माझीले भने- म यिनलाई समातेर बजारमा लगेर बेच्छु र धन कमाउँछु। बुद्धले भने- तिमी यी माछाको मूल्य मसित लेऊ र यिनलाई छाडिदेऊ।



बुद्धको कुरा सुन्दा माझी खुसी भए। उनलाई बजार जानु पनि परेन र पैसा पनि आयो। बुद्धले मूल्य चुक्ता गरे र ती तड्पिरहेका माछालाई नदीमै छोडिदिए। बुद्धको हर्कत देखेर माझी चकित भए। उनले बुद्धलाई सोधे- महाराज, तपाईंले यी माछा किनेर फेरि किन नदीमै छाडिदिनुभयो ? बुद्धले भने- मैले यिनलाई पुनः जीवन दिन सकिन्छ कि भनेर किनेको हुँ। कसैको हत्या गर्नु पाप हो। कसैले तिमी वा तिम्रा आफन्तको घाँटी रेटेर हत्या गरिदियो भने तिमी वा तिम्रा आफन्तलाई कस्तो लाग्ला ?

बुद्धले फेरि भने- जसरी हावा र पानी नपाए मानिस बाँच्न सक्दैन, त्यसैगरी माछा पनि पानी नपाउँदा तड्पी-तड्पी मर्छन्। यी निर्दोष माछा तड्पेको तिमी कसरी हेर्न सक्छौ ? बुद्धको कुरा सुनेर माझीका आँखा खुले। उनले हात जोडेर भने- महाराज, म एउटा चित्रकार पनि हुँ। अब प्राणी हत्याको मार्ग छाडेर चित्रकारिताबाट आफ्नो आजीविका चलाउनेछु। त्यसपछि हिंसा छाडेर ती माझी एक सफल चित्रकार बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

२२ भदौ फर्काउन नखोज

मुलुकलाई २२ भदौमै फर्काएर संसद् पुनर्स्थापना गरी संविधान संशोधनमार्फत जनताका माग सम्बोधन गरेर मात्र चुनावमा जानु उपयुक्त हुन्छ।

● केशवराज आचार्य

देशलाई पूरै गन्जागोल र अस्थिरतातिर लैजान उद्यत देखिन्छन्, एमाले र काग्रेस ! यिनले आफ्नो अस्तित्व संकटमा परेको देखेर नै अस्थिरता रोजिरहेका हुन् कि हामीले पाउँदैनौं भने देशमा अरूले पनि नपाऊन् भन्ने हो ?

● डिल्ली फेजोङ



देश र जनता लुट्न बानी परेकालाई फेरि संसद् चाहियो। मन्त्री, प्रधानमन्त्री बनेर फेरि लुट्न तम्तयार भएर बसेकाहरू अब कुन मुख लिएर जनतासामु भोट माग्न जाने ? विकल्प नभएपछि संसद् पुनर्स्थापना भनेर रट लगाइरहेका भ्रष्टहरूलाई हेक्का रहोस्, आगामी दिनमा २३ र २४ भदौको भन्दा भयावह स्थिति नहोला भन्न सकिन्न।

● गोपाल दाहाल

यिनीहरू बहुमत र दुईतिहाइको आडमा आफ्ना कर्तुत ढाकछोप गर्नेदेखि आफ्नो दुनो सोझ्याउने काममा लागेर जनताको आवाज नसुन्दा जेन-जी विद्रोह भयो, तैपनि यिनको चेत खुलेन !

● प्रकाशदत्त सुवेदी
(नयाँ पत्रिका फेसबुक पेजबाट

काग्रेस एमालेसँगै सती जाने हो ?

एमाले अध्यक्ष केपी ओली र काग्रेस सभापति शेरबहादुर देउवाको पछिल्लो समय निकै हिमचिम बढेको छ। संसद् पुनर्स्थापना भए तपाईं नै हो अबको प्रधानमन्त्री भनेर ओलीले भनेपछि देउवा मक्ख परेका छन्। के नेताहरूले हिजोका घटना सबै बिर्सिएका हुन् ? जेन-जी आन्दोलनमा ज्यान बचाएर भाग्नुपरेको अवस्था सम्झौं त एकपटक। के काग्रेस एमालेसँगै सती जान खोजेको हो ? एमालेले जे भन्यो र जहाँ भन्यो, त्यहीं काग्रेसले ल्याप्चे ठेक्दै जाँदा देशमा जेन-जी आन्दोलन भएको हो। हिजो एमाले मात्र संसद् पुनर्स्थापनाको माग लिएर सर्वोच्च अदालत गएको थियो। अहिले काग्रेसका सांसद पनि पुनर्स्थापनाको माग लिएर अदालत गएका छन्। उसका सांसदले संसद् पुनर्स्थापनाको पक्षमा हस्ताक्षरसमेत गरिसकेका छन्।

जेन-जी आन्दोलनपछि सक्रिय राजनीति नगर्ने भनेका देउवाले एमाले अध्यक्षको लहलहैमा लागेर फेरि आफ्नो सक्रियता बढाएका छन्। पार्टीमा युवालाई अघि सारेर आफू आराम गरेर बस्ने वेलामा किन सक्रिय राजनीतिमा होमिएका होलान् ? उमेरले नेटो काटिसक्दा पनि राजनीतिमा भने विश्राम गर्ने सोच नेतामा नदेखिनु दुःखद छ।

काग्रेस र एमालेको सिद्धान्त नै फरक छ। कम्युनिस्ट र काग्रेस मिलेर निर्वाचनमा गएको सायद पहिलो देश नेपाल नै होला। सायद एक्लाएक्लै लड्दा जित्न सकिँदैन भन्ने लागेरै यी दुई दल मिलेर निर्वाचनमा जान लागेका होलान् कि ?

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

हादीका हत्यारा बंगलादेश विभाजित गर्न सफल

हादीको हत्यापछि देशका प्रमुख पत्रिकाका कार्यालय जलाइए, उनका हत्याराले पनि यस्तै प्रतिक्रिया चाहेका थिए



देश / विदेश

● जफर सोभन

ओस्मान हादीको हत्यापछि हत्याराहरूले बंगलादेशमा तीन अन्तरसम्बन्धित लक्ष्य हासिल गरेका छन्। पहिलो, तिनले जुलाई विद्रोहबाट उदाएका होनहार, सम्झौताहीन र बेदाग दियोलाई सधैंका लागि निभाउन सफल भए।

जुलाई क्रान्तिबाट उदाएका नेतामध्ये धेरै समयक्रममा कोही सम्झौतामा बिकेको र कोही भ्रष्ट भएको हामी सबैले देखेकै हौं। तर, ओस्मान भने आफ्नो आदर्शमा अडिग रहेर आफ्ना साथीजसरी राजनीतिक विस्मृतिबाट हराएका थिएनन्। उनी नयाँ बंगलादेशका उदीयमान युवा नेताका रूपमा दरिएका थिए। उनी ठ्याक्कै त्यस्तै नेता साबित भएका थिए, जसले पुरानो व्यवस्थालाई खतरा प्रदान गर्न सक्थे। यस्तोमा नयाँ व्यवस्थाका विरोधीले उनलाई हटाउन आवश्यक ठाने।

उनको हत्यामार्फत हत्याराले हासिल गरेको दोस्रो लक्ष्य जुलाई विद्रोहका शत्रुहरू नामेट नभएको र उनीहरू अझै प्रभावशाली रहेको देखाउन सक्नु हो। क्रान्तिको १८ महिनापछि पनि उनीहरूले एकजना उदाउँदा नेताको हत्या गरी उम्किएर डरको माहोल सिर्जना गरेका छन्।

हत्याराहरूले हासिल गरेको तेस्रो लक्ष्य भने गम्भीर छ। हादीको हत्यापछि देशका प्रमुख पत्रिका डेली स्टार र प्रोथोम आलोका कार्यालय जलाइए। यो पनि उनका हत्याराले देख्न चाहेकै प्रतिक्रिया थियो। निश्चित रूपमा हादीको हत्याले निम्त्याएको क्रोध बुझ्न सकिन्छ। दुःख, क्रोध र निराशाको सम्मिश्रणले उनको हत्याविरुद्ध केही न केही गर्नुपर्छ भन्ने बलियो इच्छा जागेको थियो। सम्भवतः भिड नेताका हत्या सह्य छैन र हत्याराले त्यसको दुष्परिणाम भोग्नुपर्छ भन्ने सन्देश दिन चाहन्थ्यो। तर, दुई पत्रिकाका कार्यालय जलाएर तिनले पूर्णतया फरक सन्देश प्रवाहित गरे। यसले हत्याराहरूकै स्वार्थपूर्ति गऱ्यो।

भिडले मिडिया कार्यालयमा गरेको आक्रमणले 'बंगलादेशमा भिडतन्त्र छ र यो असुरक्षित देशमा सरकारले आफ्नै जनताको सुरक्षासमेत गर्न सक्दैन' भन्ने सन्देश अहिले विश्वव्यापी बनेको छ। अचानक भिड आवेशमा आउँदा घटेको घटनाले बंगलादेशमा जुनसुकै वेला जे पनि हुन सक्छ र कोही पनि सुरक्षित छैनन् भन्ने हल्लालाई बल प्रदान गरेको छ। हादीका हत्याराले आखिर त्यही नै चाहेका थिए।

बंगलादेशमा १२ फेब्रुअरीका लागि निर्वाचन मिति तोकिएको छ। चुनाव हुन नदिन र यो देशलाई आतंकवाद र अस्थिरताको केन्द्रका रूपमा चित्रण गर्न एक समूह पहिलेदेखि नै लागिरहेकै छ। हसिना सत्ताच्युत भएदेखि हसिना समर्थक भारतीय मिडिया तथा सामाजिक सञ्जालले विगत अठार महिनादेखि यही भाष्यलाई जोडतोडसाथ स्थापित गर्ने प्रयास गरिरहेका छन्। हसिना भागेको दिनदेखि नै भारतीय मिडिया र सामाजिक सञ्जालले बंगलादेश अराजकता र हिंसाको केन्द्र बनेको भन्दै आएका छन्। भलै यहाँको जमिनको वास्तविकता भने बिलकुल फरक किन नहोस्।

आन्दोलनसामु घुँडा टेकेर हसिना पदच्युत भएपछिका केही दिन पूरै प्रहरी बलले सेवा बहिष्कार गरेको र राष्ट्रको प्रशासन लथालिंग भएको थियो। तर, अन्तरिम सरकार आएपछि बिस्तारै देशको अवस्था सामान्य



बन्यो। तर, यो कुरा बाहिर राम्ररी जान सकेको थिएन। अहिले एक्कासि नकारात्मक सन्देश गयो।

बंगलादेशमा एक हप्ताअघिसम्म पनि १२ फेब्रुअरीका लागि तोकिएको चुनाव हुनेमा आशंका थिएन। पूरै देश चुनावी मार्गमा अघि बढिरहेजस्तो देखिन्थ्यो। अन्तरिम सरकार चुनाव गराउने आफ्नो मुख्य कार्यभारमा सफल हुनेमा शंका गर्नुपर्ने कारण थिएन। तर, अहिले सबै कुरा भ्रमजस्तो देखिएको छ। र, खासमा हादीका हत्याराहरूको मुख्य उद्देश्य यही नै थियो।

यदि बंगलादेशीहरू हादीको सम्झनालाई सम्मान गर्न चाहन्छन् भने १२ फेब्रुअरीमा हुने चुनावलाई जसरी पनि सफल बनाउन लाग्नुपर्छ। चुनावमाथि शंका उत्पन्न हुने अवस्था आए फाइदा अबामी लिग र समाजमा अतिवादी विचार फैलाइरहेका दक्षिणपन्थी दललाई हुनेछ। संक्रमणकाल लम्बिँदै जाँदा अहिले नै समाजमा चुनाव वा लोकतान्त्रिक माध्यमबाट सत्तामा आउन नसक्ने शक्तिको मनोबल बढ्दै गएको देखिएकै छ।

चुनावमा ढिलाइ हुनु भनेको थप अस्थिरता, अत्याचारका लागि ठाउँ दिनु हो। यसले समाजमा हिंसाका लागि थप अवसर प्रदान गर्छ। उसै पनि बंगलादेश विगत डेढ वर्षदेखि निर्वाचित सरकारविनै चलिरहेको छ। चुनावलाई थप लम्ब्याउँदा दीर्घकालीन रूपमा लोकतान्त्रिक परम्परामा धक्का पुग्छ।

सन् १९७१ मा रक्तपातपूर्ण संघर्षमार्फत स्वतन्त्रता हासिल गरेको र सन् २०२४ मा जनक्रान्तिमार्फत एक तानाशाहलाई भगाउन सफल भएको बंगलादेशले निर्वाचन गर्न नसक्ने होइन। सबै बंगलादेशीहरू आफ्ना मतभिन्नतालाई बिर्सिएर हातमा हात मिलाएर अघि बढे यो सम्भव छ। त्यसले मात्र सहिदहरूले चाहेजस्तो सुन्दर भविष्य निर्माणको बाटो खुल्नेछ। तब मात्र अहिले सहिदमा लामबद्ध भएका हादीको मृत्युमार्फत बंगलादेशलाई विभाजित गर्ने शत्रुको लक्ष्य विफल हुन्छ। यसले मात्र उनीलगायत तमाम सहिदको सम्मान गरिएको ठहरिनेछ।

(सोभन बंगलादेशी अंग्रेजी न्युज पोर्टल 'काउन्टरपोइन्ट'का सम्पादक हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड

प्रधान कार्यालय कमलादी, काठमाडौं । टेलिफोन नं. ०१-५३५२०१२
इमेलः info@pmlil.com । वेभसाइटः www.pmlil.com

आर्थिक वर्ष २०८१/०८२ को संक्षिप्त विवरण सहितको वार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०८

यहाँ प्रस्तुत विवरण कम्पनी ऐनको दफा ८४ (४), बीमा ऐनको दफा ८७ (८) र बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन २०८० को दफा ९ बमोजिमको वार्षिक आर्थिक विवरणको संक्षिप्त स्वरुप हो ।

नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावज्यूहरु,

मिति २०८२/०९/०७ मा बसेको सञ्चालक समितिको तेत्तीसौं बैठकको निर्णयानुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयम् वा रितपूर्वकको प्रतिनिधि मार्फत् उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, स्थान र समय :

मिति :	स्थान :	समय :
२०८२/०९/२९ गते मंगलबार ।	सिल्भर ओक ब्याङ्क्वेट एण्ड इभेण्ट सेन्टर, गैह्रीधारा, काठमाडौं ।	बिहानको ११:०० बजे ।

छलफलका विषयहरु:

१. साधारण प्रस्ताव

क. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने ।

ग. कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम आ.व.२०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा । (हालका लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

घ. संचालक समिति सदस्यको नियुक्ति अनुमोदन गर्ने ।

ङ. प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. विशेष प्रस्ताव :

क. आ.व.२०८१/८२ को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजीको ४ प्रतिशत बोनश शेयर तथा नगद लाभांश ४.४२१ प्रतिशत, कर समेत, वितरण गर्न स्वीकृत प्रदान गर्ने ।

ख. बोनश शेयर जारी पश्चात हुन आउने रु. ५,३०,७७,९३,९२० बराबर चुक्ता पूँजी कायम गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम अनुमोदन गर्ने ।

३. विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी

१. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन २०८२/०९/२५ गते शुक्रबार भित्र यस कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्ध हुनेछ ।

३. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयबारे कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ । त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गर्नुपर्नेछ ।

५. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका साधारण सभा सञ्चालन हुने दिन बिहान १०:०० बजेदेखि खुला रहनेछ ।

७. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको कमलादी स्थित प्रधान कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ । वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाइट www.pmlil.com मा समेत उपलब्ध हुने व्यहोरा सुचित गराइन्छ ।

८. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र वा नागरिकताको प्रमाणपत्र वा शेयर प्रमाणपत्र लिई आउनु हुन अनुरोध गरिन्छ । शेयर अभौतिकिकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा DEMAT खाता नम्बर र सक्कल आधिकारिक परिचय पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

९. उल्लेखित साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम २०८२ साल पौष २१ गते सोमबारका दिन बन्द रहनेछ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा २०८२ पौष २० गते आइतबार सम्म कारोवार भई शेयरधनी किताबमा कायम शेयरधनीहरु सभामा भाग लिन योग्य हुनेछन् ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुने छ ।

N. B. S. M. & Associates
Chartered Accountants
6th Floor, Block C & D, Four Square Complex
Narayan Chaur, Naxal, Kathmandu, Nepal
T +977 1 4533069
T +977 1 4511042
info@nbsm.com.np
www.nbsm.com.np

To the Shareholders of Prabhu Mahalaxmi Life Insurance Limited
Independent Auditor's Report on the Summary Financial Statements

Opinion

The summary financial statements, which comprise the summary statement of financial positions as at Ashad 32, 2082 (July 16, 2025), the summary statement of profit and loss, summary statement of changes in equity and summary cash flow statement for the year then ended, and related notes, are derived from the audited financial statements of Prabhu Mahalaxmi Life Insurance Limited for the year ended Ashad 32, 2082 (July 16, 2025).

In our opinion, the accompanying summary financial statements are consistent, in all material respects, with the audited financial statements, in accordance with Nepal Financial Reporting Standards.

Summary Financial Statements

The summary financial statements do not contain all the disclosures required by Nepal Financial Reporting Standards. Reading the summary financial statements and the auditor's report thereon, therefore is not a substitute for reading the audited financial statements and the auditor's report thereon.

The Audited Financial Statements and Our Report Thereon

We expressed an unqualified audit opinion on the audited financial statements in our report dated Poush 02, 2082. That report also includes the communication of other key audit matters.

Management's Responsibility for the Summary Financial Statements

Management is responsible for the preparation of the summary financial statements in accordance with Nepal Financial Reporting Standards.

Auditor's Responsibility

Our responsibility is to express an opinion on whether the summary financial statements are consistent, in all material respects, with the audited financial statements based on our procedures, which were conducted in accordance with Nepal Standard on Auditing (NSA) 810 (Revised), *Engagements to Report on Summary Financial Statements*.

CA. Rajesh Kumar Soh, FCA
Senior Partner
Place: Kathmandu, Nepal
Date: Poush 07, 2082

Prabhu Mahalaxmi Life Insurance Limited
Statement of Other Comprehensive Income
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig in NPR.

Particulars	Notes	Current Year	Previous Year
Net Profit/(Loss) For the Year		**387,111,334**	**381,554,958**
Other Comprehensive Income			
a) Items that are or may be Reclassified to Profit or Loss			
Changes in Fair Value of FVOCI Debt Instruments			
Cash Flow Hedge - Effective Portion of Changes in Fair Value			
Exchange differences on translation of Foreign Operation			
Share of other comprehensive income of associates accounted for using the equity method	9	-	-
Income Tax Relating to Above Items			
Reclassified to Profit or Loss			
b) Items that will not be Reclassified to Profit or Loss			
Changes in fair value of FVOCI Equity Instruments		86,287,027	(3,259,384)
Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets			
Remeasurement of Post-Employment Benefit Obligations			
Share of other comprehensive income of associates accounted for using the equity method	9		
Income Tax Relating to Above Items		(21,571,757)	814,846
Total Other Comprehensive Income For the Year, Net of Tax		**64,715,270**	**(2,444,538)**
Total Comprehensive Income For the Year, Net of Tax		**451,826,605**	**379,110,420**

Prabhu Mahalaxmi Life Insurance Limited
Statement of Financial Position
As At 16th July, 2025 (Ashad End 2082)

Fig in NPR.

Particulars	Notes	Current Year	Previous Year
Assets			
Goodwill & Intangible Assets	4	13,913,035	6,800,496
Property and Equipment	5	277,471,498	307,620,600
Investment Properties	6	-	-
Deferred Tax Assets	7	374,700,849	391,769,410
Investment in Subsidiaries	8	-	-
Investment in Associates	9	-	-
Investments	10	16,594,235,957	13,650,940,467
Loans	11	1,257,223,333	1,071,464,526
Reinsurance Assets	12	1,407,577	-
Current Tax Assets	21	459,128,651	374,283,366
Insurance Receivables	13	5,335,999	700,523
Other Assets	14	11,718,226	8,498,104
Other Financial Assets	15	244,891,970	224,680,277
Cash and Cash Equivalent	16	1,704,031,118	706,474,781
Total Assets		**20,944,058,214**	**16,743,232,550**
Equity & Liabilities			
Equity			
Share Capital	17 (a)	5,103,648,000	4,725,600,000
Share Application Money Pending Allotment	17 (b)	-	-
Share Premium	17 (c)	19,352,486	19,352,486
Catastrophe Reserves	17 (d)	110,945,225	91,497,057
Retained Earnings	17 (e)	524,506,047	545,273,648
Other Equity	17 (f)	346,104,554	277,808,204
Total Equity		**6,104,556,312**	**5,659,531,396**
Liabilities			
Provisions	18	65,998,941	87,372,881
Gross Insurance Contract Liabilities	19	14,024,174,618	10,288,286,461
Deferred Tax Liabilities	7	-	-
Insurance Payable	20	211,685,721	185,766,595
Current Tax Liabilities	21		-
Borrowings	22	-	-
Other Liabilities	23	244,781,256	277,304,546
Other Financial Liabilities	24	292,861,366	244,970,671
Total Liabilities		**14,839,501,902**	**11,083,701,154**
Total Equity and Liabilities		**20,944,058,214**	**16,743,232,550**

Prabhu Mahalaxmi Life Insurance Limited
Statement of Profit or Loss
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Fig in NPR.

Particulars	Notes	Current Year	Previous Year
Income:			
Gross Earned Premiums	25	5,373,332,993	4,372,334,997
Premiums Ceded	26	197,262,567	134,329,962
Net Earned Premiums		**5,176,070,426**	**4,238,005,035**
Commission Income	27	26,783,007	26,523,425
Other Direct Income	28	24,055,289	25,359,928
Interest Income on Loan to Policyholders	29	121,654,849	98,688,452
Income from Investments and Loans	29	1,204,862,162	1,159,048,140
Net Gain/(Loss) on Fair Value Changes	30	(27,937,342)	27,223,436
Net Realised Gains/(Losses)	31	85,801,517	25,823,057
Other Income	32	12,118,445	11,867,679
Total Income		**6,623,408,353**	**5,612,539,151**
Expenses:			
Gross Benefits and Claims Paid	33	1,161,723,068	1,079,133,545
Claims Ceded	33	62,369,640	54,695,286
Gross Change in Contract Liabilities	34	3,723,433,805	2,872,798,179
Change in Contract Liabilities Ceded to Re-insurers	34	1,407,577	-
Net Benefits and Claims Incurred		**4,821,379,656**	**3,897,236,438**
Commission Expenses	35	530,698,488	489,606,175
Service Fees	36	38,746,421	31,785,038
Other Direct expenses	37	1,492,080	-
Employee Benefits Expenses	38	394,193,870	471,880,220
Depreciation and Amortization Expenses	39	68,154,115	67,575,255
Impairment Losses	40	750,609	(937,928)
Other Operating Expenses	41	361,465,833	252,165,773
Finance Cost	42	22,730,057	19,806,985
Total Expenses		**6,239,611,130**	**5,229,117,957**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax		**383,797,224**	**383,421,195**
Share of Net Profit of Associates accounted using Equity Method	9	-	-
Profit Before Tax		**383,797,224**	**383,421,195**
Income Tax Expense	43	(3,314,111)	1,866,236
Net Profit/(Loss) For The Year		**387,111,334**	**381,554,958**
Earning Per Share	51		
Basic EPS		7.58	8.07
Diluted EPS		7.58	8.07

Prabhu Mahalaxmi Life Insurance Limited
Statement of Changes in Equity
For Period 16th July, 2024 - 16th July, 2025 (For the Year Ended Ashad, 2082)

Previous Year

Fig in NPR.

	Ordinary Share Capital	Preference Shares	Share Application Money Pending Allotment	Share Premium	Retained Earnings	Revaluation Reserves	Capital Reserves	Catastrophe Reserve	Corporate Social Responsibility (CSR) Reserves	Insurance Fund	Fair Value Reserves	Actuarial Reserves	Deferred Tax Reserve	Regulatory Reserves	Capital Adjustment Reserve	Total
Balance as on Ashadh end, 2080	**4,296,000,000**	-	-	**19,352,486**	**618,907,908**	-	-	**72,325,997**	**4,931,860**	-	**(91,557,392)**	-	**192,342,025**	-	**3,965,276**	**5,116,268,159**
Prior period adjustment	-	-	-	-	2,114,620	-	-	-	-	-	-	-	168,988,495	-	-	171,103,115
Restated Balance as at Shrawan 1, 2080	**4,296,000,000**	-	-	**19,352,486**	**621,022,528**	-	-	**72,325,997**	**4,931,860**	-	**(91,557,392)**	-	**361,330,520**	-	**3,965,276**	**5,287,371,274**
Profit/(Loss) For the Year	-	-	-	-	381,554,958	-	-	-	-	-	-	-	-	-	-	381,554,958
Other Comprehensive Income for the Year, Net of Tax	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
i) Changes in Fair Value of FVOCI Debt Instruments	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
ii) Gains/ (Losses) on Cash Flow Hedge	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Exchange differences on translation of Foreign Operation	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iv) Changes in fair value of FVOCI Equity Instruments	-	-	-	-	-	-	-	-	-	-	(2,444,538)	-	-	-	-	(2,444,538)
v) Revaluation of Property and Equipments/ Goodwill & Intangible Assets	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
vi) Remeasurement of Post-Employment Benefit Obligations	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer to Reserves/ Funds	-	-	-	-	(23,005,272)	-	-	19,171,060	3,834,212	-	-	-	-	-	-	-
Transfer to Deferred Tax Reserves	-	-	-	-	895,087	-	-	-	-	-	-	-	(895,087)	-	-	-
Transfer of Depreciation on Revaluation of Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Revalued Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI	-	-	-	-	1,631,840	-	-	-	-	-	-	-	-	-	-	1,631,840
Transfer to Insurance Contract Liabilities	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Share Issuance Costs	-	-	-	-	(6,123,000)	-	-	-	-	-	-	-	-	-	-	(6,123,000)
Transfer from Regulatory Reserve	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Contribution by/ Distribution to the owners of the Company	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
i) Bonus Share Issued	429,600,000	-	-	-	(429,600,000)	-	-	-	-	-	-	-	-	-	-	-
ii) Share Issue	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Cash Dividend	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	(1,102,495)
iv) Dividend Distribution Tax	-	-	-	-	(1,102,495)	-	-	-	-	-	-	-	-	-	-	-
v) CSR Expenses during the year	-	-	-	-	-	-	-	-	(1,356,646)	-	-	-	-	-	-	(1,356,646)
Balance as on Ashadh end, 2081	**4,725,600,000**	-	-	**19,352,486**	**545,273,646**	-	-	**91,497,057**	**7,409,426**	-	**(94,001,930)**	-	**360,435,433**	-	**3,965,276**	**5,659,531,393**

Current Year

Fig in NPR.

	Ordinary Share Capital	Preference Shares	Share Application Money Pending Allotment	Share Premium	Retained Earnings	Revaluation Reserves	Capital Reserves	Catastrophe Reserve	Corporate Social Responsibility (CSR) Reserves	Insurance Fund	Fair Value Reserves	Actuarial Reserves	Deferred Tax Reserve	Regulatory Reserves	Capital Adjustment Reserve	Total
Balance as on Ashadh end, 2081	**4,725,600,000**	-	-	**19,352,486**	**545,273,646**	-	-	**91,497,057**	**7,409,426**	-	**(94,001,930)**	-	**360,435,433**	-	**3,965,276**	**5,659,531,393**
Prior period adjustment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Restated Balance as at Shrawan 1, 2081	**4,725,600,000**	-	-	**19,352,486**	**545,273,646**	-	-	**91,497,057**	**7,409,426**	-	**(94,001,930)**	-	**360,435,433**	-	**3,965,276**	**5,659,531,393**
Profit/(Loss) For the Year	-	-	-	-	387,111,334	-	-	-	-	-	-	-	-	-	-	387,111,334
Other Comprehensive Income for the Year, Net of Tax	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
i) Changes in Fair Value of FVOCI Debt Instruments	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
ii) Gains/ (Losses) on Cash Flow Hedge	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Exchange differences on translation of Foreign Operation	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iv) Changes in fair value of FVOCI Equity Instruments	-	-	-	-	-	-	-	-	-	-	64,715,270	-	-	-	-	64,715,270
v) Revaluation of Property and Equipments/ Goodwill & Intangible Assets	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
vi) Remeasurement of Post-Employment Benefit Obligations	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer to Reserves/ Funds	-	-	-	-	(23,337,801)	-	-	19,448,168	3,889,634	-	-	-	-	-	-	-
Transfer to Deferred Tax Reserves	-	-	-	-	(4,503,196)	-	-	-	-	-	-	-	4,503,196	-	-	-
Transfer of Depreciation on Revaluation of Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Revalued Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI	-	-	-	-	5,166,134	-	-	-	-	-	-	-	-	-	-	5,166,134
Transfer to Insurance Contract Liabilities	-	-	-	-		-	-	-	-	-	-	-	-	-	-	-
Share Issuance Costs	-	-	-	-	(4,820,362)	-	-	-	-	-	-	-	-	-	-	(4,820,362)
Transfer from Regulatory Reserve	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Contribution by/ Distribution to the owners of the Company	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
i) Bonus Share Issued	378,048,000	-	-	-	(378,048,000)	-	-	-	-	-	-	-	-	-	-	-
ii) Share Issue	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Cash Dividend	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	(2,335,710)
iv) Dividend Distribution Tax	-	-	-	-	(2,335,710)	-	-	-	-	-	-	-	-	-	-	-
v) CSR Expenses during the year	-	-	-	-	-	-	-	-	(4,811,750)	-	-	-	-	-	-	(4,811,750)
Balance as on Ashadh end, 2082	**5,103,648,000**	-	-	**19,352,486**	**524,506,047**	-	-	**110,945,225**	**6,487,309**	-	**(29,286,660)**	-	**364,938,629**	-	**3,965,276**	**6,104,556,312**

बंगलादेशमा अर्का विद्यार्थी नेतामाथि गोली प्रहार

ढाका/ बंगलादेशमा अर्का विद्यार्थी नेतामाथि पनि गोली प्रहार भएको छ। बिहीबार इन्कलाब मञ्चका प्रवक्ता उस्मान हादीको हत्यालाई लिएर देशभर हिंसा मच्चिरहेका वेला विद्यार्थी नेतृत्वको राष्ट्रिय नागरिक पार्टी (एनसिपी) का एक वरिष्ठ नेतामाथि अज्ञात बन्दुकधारीले गोली हानेका हुन्। बंगलादेशी सञ्चार माध्यमका अनुसार एनसिपीको श्रम संगठनका केन्द्रीय नेता मुहम्मद मोतालेब सिकदरलाई खुलना जिल्लामा आक्रमणकारीले टाउकोमा गोली प्रहार गरेका हुन्। सिकदरलाई सोमबार बिहान ११:४५ बजे शहरको सोनाडांगा क्षेत्रको एक घरनजिकै आक्रमण गरिएको बंगलादेशको दैनिक प्रोथोम आलोले जनाएको छ।



सिकदर खुलनामा पार्टीको डिभिजनल श्रमिक च्याली आयोजनाको तयारी गर्दै थिए। उनको हाल राजधानी ढाकाको एक अस्पतालमा उपचार भइरहेको छ।

कट्टरपन्थी नेता सरिफ उस्मान हादीको मृत्युपछि गत सातादेखि बंगलादेशमा देशभर हिंसात्मक प्रदर्शन भएका छन्। उनको हत्याका दोषीलाई तत्काल पक्राउ गर्न शनिबार इन्कलाब मञ्चले सरकारलाई २४ घन्टे अल्टिमेटम दिएको थियो। गत वर्ष सेख हसिना वाजेदलाई सत्ताच्युत गर्ने आन्दोलनमा यो मञ्चले उल्लेख्य भूमिका खेलेको थियो। भारतविरोधी कडा अभिव्यक्तिका लागि परिचित ३२ वर्षीय हादीले बंगलादेशको २०२४ को विद्यार्थी विद्रोहको समयका उदीयमान नेता थिए। डिसेम्बर १२ मा ढाकामा आगामी चुनावको प्रचार अभियानबाट निस्कने क्रममा नकाबधारी आक्रमणकारीले उनलाई गोली हानेका थिए। गम्भीर घाइते भएका हादीलाई उपचारका लागि सिंगापुरको अस्पतालमा हेलिकोप्टरबाट लगिएको थियो, जहाँ उनको डिसेम्बर १८ मा मृत्यु भएको थियो।

ताजा हिंसासँगै जातीय द्वन्द्वको खतरा बढेको छ। केही स्थानमा अल्पसंख्यक हिन्दुमाथि आक्रमण बढेको भारतीय सञ्चार माध्यमले जनाएका छन्। निर्वाचनका पूर्वसन्ध्यामा हिंसा बढेसँग मतदान हुनेमा आशंका बढेको छ। बंगलादेशमा १२ फेब्रुअरीका लागि निर्वाचनको मिति तोकिएको छ।

इतिहासमा आज



सन् १९९० : युगोस्लाभियाबाट स्वतन्त्र हुने विषयमा स्लोभानियामा जनमतसंग्रह सम्पन्न। पूर्वी युरोपेली देश स्लोभानिया सन् १९४५ मा समाजवादी गणतन्त्रको रूपमा युगोस्लाभियाको अधीनमा थियो। सन् १९९१ को २३ डिसेम्बरबाट स्लोभानियामा नयाँ संविधान कार्यान्वयनमा आएको हो।

सन् १९३३ : जापानका सम्राट् अकिहितोको जन्म। उनी सन् १९८९ देखि सन् २०१९ सम्म जापानका सम्राट् थिए।

सन् १९४० : चियाङ काई सेकद्वारा चीनमा सम्पूर्ण कम्युनिस्ट संघ विघटन भएको घोषणा।

सन् १९५८ : टोकियो टावर सर्वसाधारणका लागि खुला। विश्वकै अग्लो यो स्टिल टावरको उचाइ ३३३ मिटर छ। यो टावर सञ्चार प्रक्रियाका लागि पनि प्रयोग हुन्छ।

सन् १९७५ : अमेरिकाका तत्कालीन राष्ट्रपति गेराल्ड फोर्डले नाप तथा तौलसम्बन्धी एउटा कानुनमा हस्ताक्षर गरेका थिए। आजकाल वैज्ञानिक र प्राज्ञहरूले मुख्यतः मेट्रिक प्रणाली प्रयोग गर्छन्। सर्वसाधारण अमेरिकीले अमेरिका स्वतन्त्र हुनुअघिका नापतौलका परम्परागत एकाइ प्रयोग गर्थे।

सन् १९९४ : अमेरिकामा संगठित रूपमा हत्या र अपराध गर्ने ह्विटन वल्गर सन् १९९४ को डिसेम्बरदेखि भूमिगत भएका थिए। उनी करिब १६ वर्षसम्म अमेरिकी सेनाको आँखा छल्न सफल भए, जसका कारण अमेरिकी संघीय अनुसन्धान ब्युरोसमेत लज्जित बनेको थियो। अन्ततः उनी सन् २०११ मा पक्राउ परेका थिए।

नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको पाँचौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/९/८

नेपाल डिजिटल पेमेन्ट्स् कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०७ गतेको निर्णयानुसार देहायका विषयहरूमा छलफल गर्न निम्न लिखित मिति, समय तथा स्थानमा पाँचौं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध गर्दछु।

सभाको विषय सूची

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पाँचौं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
२. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूची उपर छलफल गरी पारित गर्ने।
३. आ.व. २०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने।
४. संस्थापक संस्थाहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधीत्व गर्नुहुने सञ्चालकहरूमा भएको परिवर्तनको अनुमोदन गर्ने।
५. विविध।

(ख) विशेष प्रस्ताव

१. कुनै विशेष प्रस्ताव नरहेको।

सभाको मिति, समय तथा स्थान

मिति : २०८२/०९/२९, मंगलबार
समय : विहान ११:०० बजे
स्थान : नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, भद्रकाली प्लाजा, काठमाडौं

आज्ञाले,
अर्जुन सिग्देल
सचिव, सञ्चालक समिति
नेपाल डिजिटल पेमेन्ट्स कं. लि.

Government of Nepal
Ministry of Urban Development
Urban Resilience and Livability Improvement Project
Project Implementation Unit
Janakpurdham, Dhanusha, Madhesh Province
Package No.: URLIP/JNK/CS/03

NOTICE OF INTENT TO AWARD

Date of Publication: 2082-09-08 (23 December 2025)

This is to notify, as per the Public Procurement Act, Section 38, to all concerned that for the Consulting Service – Supervision and Design Consultant (SDC) of Infrastructure (Road, drainage, footpath, road furniture improvement) and Revitalization of heritage and cultural sites in Janakpur Sub-Metropolitan City under the Urban Resilience and Livability Improvement Project (URLIP), PIU Janakpurdham, Contract Title: URLIP/JNK/CS/03, the proposal of the Joint Venture between comprising **MSV India Private limited (India), Engineering Consultancy for Constructive Development Efforts in Nepal (Nepal) and CEMAT Consultants (P) Ltd. (Nepal)**, with bid price **NRs. 12,50,02,140.00 (Twelve crore fifty lakh two thousand one hundred forty rupees only)**, inclusive of PS and Contingency, as corrected and modified in accordance with the Instructions to Consultants, is determined to be the highest-ranked proposal, and after successful completion of negotiations, the same has been selected for Award.

इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं १०, बानेश्वर हाइट, काठमाडौं, फोन नं : ०१-४५८५९०६

पाचौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०७ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको पाचौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. साधारण सभा हुने मिति, स्थान र समय :

मिति : २०८२ साल पौष २९ गते, मंगलबार (तदनुसार १३ जनवरी, २०२६)
स्थान : इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडको कार्यालय, बानेश्वर हाइट, काठमाडौं
समय : दिनको १२:४५ बजे

२. छलफलका विषयहरु :

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट प्रस्तुत हुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को हरहिसाबहरु लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।
४. नियमावालीको नियम २७ बमोजिम सञ्चालक समितिको निर्वाचन गर्ने।

(ख) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

ललितपुर महानगरपालिका

१ नं. वडा कार्यालय, कोपुण्डोल, ललितपुर
वागमती प्रदेश नेपाल

सधियार चार किल्ला बुझ्ने सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/०८

१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत् कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ पौष १४ गते, (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८२ पौष १६ गते
समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

रवि–बालेन...

पृष्ठ १ बाट क्रमशः

उनले फेसबुकमा लेखेका छन्, 'अन्ततः कथाको सुखद सुरुवात भएको छ। रवि र बालेन–दुई दाजु-भाइको मिलन भएको छ। यो व्यक्तिको मात्र होइन, देशले खोजेको आशाको मिलन हो। हामी सबै नेपालीलाई बधाई।'

दुई नेताबिच मिलेर जाने सहमति भएको उनले नयाँ पत्रिकालाई बताए। 'लामो कुराकानी भयो, सामूहिक र एक्ला-एक्लै पनि उहाँहरूले संवाद गर्नुभयो,' उनले भने, 'निष्कर्ष मिलेर जाने, एक-अर्कालाई साथ दिने रह्यो।'

त्यसअघि उनीहरूबिच आइतबार पनि भेटवार्ता भएको थियो। त्यसअघि पनि रास्वपाको संवाद समिति र मेयर शाहको टिमबिच सहकार्यका लागि पटक-पटक छलफल हुँदै आएको थियो। सोमबारको छलफलमा दुई नेताबीच निर्वाचनअघि सबै वैकल्पिक शक्तिलाई एकै ठाउँ ल्याउने सहमति पनि भएको स्रोतको भनाइ छ।

न्यायिक आदेशबाट रिहा भएलगत्तै उनले राजनीतिक भेटघाट र संवादलाई तीव्र बनाएका छन्, जसलाई आगामी निर्वाचनअघि वैकल्पिक राजनीतिक ध्रुव निर्माणतर्फको महत्त्वपूर्ण संकेतका रूपमा हेरिएको छ। वैकल्पिक शक्तिहरूबिच सहकार्यका लागि आफू सबै किसिमका त्याग गर्न तयार रहेको सन्देश लामिछानेले सार्वजनिक रूपमै दिइसकेका छन्।

रास्वपा नेता गणेश कार्कीले नयाँ शक्तिहरू मिल्नुपर्छ भनेर सभापति लामिछाने र मेयर शाहबिच निरन्तर भेट भइरहेको बताए। उनले नेतृत्व तहमै निर्णायक छलफल भइरहेको र सकारात्मक नतिजा आउने अपेक्षा गरे। 'रास्वपाको संवाद समिति र मेयर शाहको टिमबिच सहकार्यका लागि पटक-पटक छलफल भएको थियो। यसैक्रममा नेतृत्व तहमै निर्णायक छलफल भइरहेको छ, सकारात्मक नतिजा आउने हाम्रो अपेक्षा छ,' कार्कीले नयाँ पत्रिकासँग भने।

सोमबार साँझको छलफलमा रास्वपा उपसभापति डिपी अर्याल, मेयर शाहका सहयोगी कुमार बेन, जेन-जी अगुवा सुदन गुरुङ पनि सहभागी थिए। सहकार्यको मोडल र शक्ति बाँडफाँटका विषय टुंग्याउने कसरतमा दुई नेता र उनीहरूको टिमले काम गरिरहेको छ। रास्वपा उपसभापति अर्यालले दुई नेताबिच भएको छलफलको विस्तृत प्रगतिबारे मंगलबार सार्वजनिक गरिने बताए।

रास्वपा सभापति लामिछानेले आइतबार प्रधानमन्त्री सुशीला कार्कीसँग एक्ला-एक्लै वार्ता गरेका थिए। त्यसपछि लामिछानेले मेयर शाहलाई भेटेका हुन्। लामिछानेले ऊर्जामन्त्री कुलमान घिसिङलाई पनि भेट्ने तयारी रहेको रास्वपा नेताहरूले बताएका छन्। घिसिङ पनि सहकार्यका लागि सकारात्मक रहेको संवादमा रहेका नेताहरूको भनाइ छ।

वार्ताको समन्वय गरेका जेन-जी अगुवा सुदन गुरुङले दुवै नेता नयाँ शक्तिहरूको एकताका लागि सकारात्मक रहेको बताए। गुरुङले एजेन्डामा दुवै एकैठाउँमा भए पनि शक्ति सन्तुलन र संगठनात्मक बाँडफाँट मिल्न बाँकी रहेको बताए। 'को के बन्ने, कसको भूमिका के हुने र अगाडि कसरी बढ्ने भन्ने टुंग्याउने गरी छलफल अघि बढेको छ,' उनले भने, 'सबै ओपन माइन्डेट भएकाले मिल्ने सम्भावना सय प्रतिशत नै छ। अब केही गरेर मिलेन भने अर्को आन्दोलनको विकल्प छैन। किनभने जेन-जी आन्दोलन संस्थागत गर्नु छ।'

यसअघि आइतबार मात्र लामिछानेले नयाँ शक्तिहरू एक ठाउँमा आएर परिवर्तन गर्नुपर्छ भन्ने भावनालाई आफूले बुझेको बताएका थिए। 'विभिन्न ठाउँबाट उदाउनुभएका नयाँ शक्तिहरू एक ठाउँ आएर परिवर्तन गर्नुपर्छ भन्ने भावना मैले राम्रोसँग बुझेको छु। परिवर्तनको यात्रामा एउटा पुस्तालाई न्याय दिने र इतिहास लेखिने कुरामा रास्वपा सँगै छ। विभिन्न भेटघाट निरन्तर चलिरहेका छन्। परिवर्तन संस्थागत बनोस्, स्थायी बनोस् र पछिसम्मका लागि परिवर्तन गर्न सक्ने पार्टी बनोस् भन्ने हाम्रो चाहना हो,' उनले भने।

त्यसअघि उनले शनिबार नयाँ दलहरू मिल्ने सर्तमा आफूले पहिलो त्याग गर्न तयार रहेको बताएका थिए। 'तपाईंहरूले पनि नयाँ साथीहरू मिल्नुपर्छ भन्नुभएको छ। मिल्नुपर्नेहरू जो-जो हो, हामी मिलेरै छाड्छौँ, चिन्ता नगर्नुहोस्। सबै साथीहरू संवादमा हुनुहुन्छ। मिल्ने भनेको टाउको ठोकेर मित लगाएजस्तो होइन। सिंगो पुस्ताको भविष्यका लागि मिलिरहने हो भने मिलौँ। यसका लागि पहिलो त्याग रवि लामिछानेले गर्छ। एउटा चुनावका लागि हो भने-आई एम सरी।'

सोमबारको दुईचरणका छलफलको मध्यस्थता गर्नेमध्येका एक जेन-जी अगुवा सुधन गुरुङले सबै 'ओपन माइन्डेड' भएकाले शतप्रतिशत मिल्ने सम्भावना रहेको बताए। 'सभापति (रवि लामिछाने)जीलाई 'वैकल्पिक शक्ति सबै मिलेर जानुपर्छ, जनताको जितका लागि एक हुनुपर्छ। मिलेनौँ भने राजनीति अर्कै मोडमा जान्छ' भनेका छौँ। उहाँ एकदमै पजिटिभ हुनुहुन्छ। 'ओपन डिस्कर्स गर्नुपर्छ, अति ढिला भयो। आज-भोलि नै कुरा टुंग्याउनुपर्छ' भन्ने उहाँको चाहना छ,' उनले भने, 'मेयरसाप पनि पजिटिभ हुनुहुन्छ। सबै मिलेर जाने बाटो के हो भनेर दुवैजना छलफलमै हुनुहुन्छ। दुवैजनाले 'जनताको चाहनाविपरीत जान्नौँ' भन्नुभएको छ। जेन-जीको माग सम्बोधन, सुशासन, राज्य पुनर्संरचना र राजनीतिक हस्तक्षेपबारे कसरी ठोस सहकार्य हुन्छ भनेर छलफल भइरहेको छ। सबै ओपन माइन्डेड भएकाले मिल्ने सम्भावना सय प्रतिशत नै छ।'

११ लाख ऋणबाट उन्मुक्ति लिन दुईजनाको हत्या

नयाँ पत्रिका

ललितपुरको महालक्ष्मी नगरपालिका- ८, सेराफाँटमा भएको दुईजनाको हत्याको कारण कृषि फार्म सञ्चालन गर्न लिएको ऋण रहेको खुलेको छ। २४ मंसिरमा सिन्धुलीको गोलान्जोर गाउँपालिका- ५, ताप्केडाँडाका २५ वर्षीय सुनील भनिने केशवराज हायु र त्यसको भोलिपल्ट भोजपुरको अरुण गाउँपालिका- ३ का २१ वर्षीय पारुहाङ राईको हत्या भएको थियो। घटनामा संलग्न रहेको आरोपमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले सिन्धुलीकै सुनकोशी गाउँपालिका- ४, कोटगाउँका २१ वर्षीय देवराज ढुंगेल र २० वर्षीय जयराम अधिकारीलाई पक्राउ गरी अनुसन्धान गर्दा हत्याको रहस्य खुलेको हो।

ललितपुरको महालक्ष्मी नगरपालिका- ७, चाँगाथली बस्ने ढुंगेल नाताले मृतक हायुका जेठान हुन्। राई भने कृषि फार्म चलाउँथे। ढुंगेलले पनि कृषि फार्म चलाउन भन्दै हायु र राईसँग ११ लाख रुपैयाँ ऋण लिएका थिए। तर, चुक्ता गर्न सकेका थिएनन्। सोही ऋणबाट उन्मुक्ति पाउन उनले दुवैको हत्या गरेको अनुसन्धान कार्यालयका प्रवक्ता काजीकुमार आचार्यले बताए।

'ढुंगेलले मृतक हायु र राईसँग कृषि गर्न ११ लाख रुपैयाँ ऋण लिएको देखिन्छ। तर, उनले ऋण तिर्न सकिरहेका थिएनन्। सोही ऋणबाट उन्मुक्ति पाउने उद्देश्यले हायु र राईको हत्या गरेको देखिन्छ,' उनले भने।

प्रहरीका अनुसार अधिकारीलाई ढुंगेलले नै हत्यामा सहभागी गराएका थिए। घटनाअघि उनी गाउँमै थिए। हत्या योजना बनाएपछि उनलाई ढुंगेलले नै महालक्ष्मी नगरपालिका- ८, ज्यामिरेकोटमा बोलाएका थिए। यसका लागि ढुंगेलले अधिकारीलाई गाउँमा लागेको दुई लाख ऋण चुक्ता गरिदिने आश्वासन दिएका थिए। यसैमा लोभिएर अधिकारी हत्यामा संलग्न भएको देखिएको प्रवक्ता आचार्यले बताए।

'घटनाको मुख्य योजनाकार ढुंगेल नै रहेको देखिन्छ। उनैले गाउँमा रहेका अधिकारीलाई फोन गरेर ललितपुर बोलाएको देखिन्छ। अधिकारीको गाउँमा दुई लाख ऋण रहेको र त्योबराबर रकम दिने प्रलोभनमा ढुंगेलले उनलाई हत्यामा प्रयोग गरेको देखियो,' उनले भने।

प्रहरीका अनुसार ज्यामिरेकोटमा हत्या गरिएका हायुको शव गत २ पुसमा सेराफाँटस्थित सानोकान्छा श्रेष्ठको तरकारी बारीमा रहेको इनारमा फेला परेको थियो। त्यस्तै, राईको शव भक्तपुरको देउराली भञ्ज्याङमा झाडीभित्र भेटिएको थियो। उनको त्यहीँ मृत्यु भएको प्रहरीले जनाएको छ।

संसद् पुनर्स्थापना...

पृष्ठ १ बाट क्रमशः

अदालत जाने समझदारी भएको बताए। 'संकटबाट मुलुकलाई पार लगाउन मिलेर अगाडि बढ्ने समझदारी छ,' ती नेताले भने।

यस्तै, ओलीनिकट एक नेताले बहुमत सांसदको हस्ताक्षरसहित सर्वोच्च अदालतमा पूरक निवेदन लैजाने र अन्य दललाई सहभागी गराउने विषयमा छलफल भएको बताए। 'हामी पूरक निवेदन लिएर सर्वोच्च जाँदै छौँ। यसमा अन्य दललाई सहभागी गराउनेसहितका विषयमा उहाँहरूबिच छलफल भएको छ,' ती नेताले नयाँ पत्रिकासँग भने।

एमाले र कांग्रेसका सांसदहरूले सर्वोच्चमा छुट्टाछुट्टै रिट दायर गरेका छन्। पछिल्लोपटक उनीहरूले बहुमत सदस्यको हस्ताक्षर जुटाएर पूरक रिट लिएर जाने गृहकार्य गरेका हुन्। कांग्रेस सचेतक सुशीला थिङले मंगलबार पूरक रिट दर्ता गर्ने तयारी रहेको बताइन्।

'मंगलबार हामी पूरक निवेदन लैजान्छौँ। प्रतिनिधिसभाका बहुमत सांसदको तर्फबाट निवेदन दिन्छौँ,' उनले भनिन्, 'असंवैधानिक रूपमा विघटन भएको प्रतिनिधिसभा पुनर्स्थापना गर्नुको विकल्प छैन। यो संवैधानिक अधिकार हो।' कांग्रेसको संस्थागत निर्णय भने २१ फागुनको निर्वाचनमा जाने छ।

देउवा र ओलीबिच यसअघि गत १९ मंसिरमा भेटवार्ता भएको थियो। उक्त भेटवार्तापछि कांग्रेसका निवर्तमान सांसदले संसद् पुनर्स्थापनाका लागि सर्वोच्चमा रिट दायर गरेका थिए। त्यसअघि नै एमालेका सांसदले रिट दायर गरेका थिए। हाल कांग्रेसका पनि बहुमत निवर्तमान सांसदले हस्ताक्षर गरिसकेका छन्।

कांग्रेस महामन्त्री गगन थापा पक्षधर सांसदले भने हस्ताक्षर गरेका छैनन्। डा. शेखर कोइरालाले पनि आफूले हस्ताक्षर नगरेको बताएका छन्। उनले हस्ताक्षर गर्ने विषय व्यक्तिको स्वतन्त्रता भएको प्रतिक्रिया दिएका छन्।

कांग्रेस...

पृष्ठ १ बाट क्रमशः

मुद्दा पुनः ब्युँतिनेछ। विकसित राष्ट्रिय राजनीतिक अवस्था र आन्तरिक कार्यतालिका प्रभावित भएपछि २६-२८ पुसको महाधिवेशन रोकिने अवस्था बन्दै गएको हो। संस्थापन मात्रै होइन, डा. शेखर कोइराला पक्षले पनि पुसमा महाधिवेशन कठिन भएको प्रतिक्रिया दिएको छ। महामन्त्री गगन थापाले नियमित नभए विशेष महाधिवेशन हुने बताएका छन्।

क्रियाशील सदस्यता विवादकै कारण महाधिवेशन मिति धकेलिन सक्ने संस्थापन पक्षकै नेताको निष्कर्ष छ। कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पुस अन्त्यमा महाधिवेशन सम्भव नदेखिएको स्वीकार गर्दै चाँडै नयाँ कार्यतालिका सार्वजनिक हुन सक्ने बताए।

'२६-२८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने निर्णयअनुसार नयाँ क्रियाशील सदस्यता र नवीकरणको नामावली केन्द्रमा पठाउने म्याद ३ पुससम्म थियो। ५ पुसभित्र स्वीकृति दिनुपर्ने कार्यतालिका पनि प्रभावित भएको छ,' उनले भने, 'यस्तो अवस्थामा निर्धारित समयमा महाधिवेशन गर्न कठिन देखिन्छ, बैठक बसेर आवश्यक निर्णय लिन्छौँ। नयाँ कार्यतालिका आउन सक्छ।'

सभापति शेरबहादुर देउवाले कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित पदाधिकारीलगायतका नेताहरूसँग महाधिवेशनको तयारी र कार्यतालिकाबारे छलफल गरिसकेका छन्। तर, कार्यतालिका कसरी हेरफेर गर्ने भन्ने विषयमा सहमति जुट्न सकेको छैन। कार्यसम्पादन समिति बैठक बोलाएर कार्यतालिका हेरफेरबारे निर्णय गर्ने तयारी रहेको संस्थापन पक्षका एक नेताले बताए। महाधिवेशन वैशाखमा पुर्‍याउने रणनीति संस्थापन पक्षको छ। सहमहामन्त्री महेन्द्र यादवले वैशाखमा महाधिवेशन गर्ने प्रस्ताव केन्द्रीय कार्यसमिति बैठकमै राखेका थिए।

केन्द्रीय कार्यसमिति बैठकले २० मंसिरभित्र नयाँ क्रियाशील सदस्यता फाराम वितरण गर्ने र २४ मंसिरभित्र वडा तहसम्म पुर्‍याउने कार्यतालिका तय गरेको थियो। तर, क्रमसंख्या नछापिएका करिब चार लाख फाराम वितरण भएपछि विवाद चर्किएको थियो। महामन्त्री गगन थापा नेतृत्वको क्रियाशील सदस्यता व्यवस्थापन समितिले ती फाराम रद्द गर्दै पुसमा मात्रै नयाँ फाराम पठाएको छ। क्रियाशील सदस्यता नवीकरणको प्रक्रिया पनि अझै टुंगोमा पुगेको छैन।

क्रियाशील सदस्यता टुंग्याएर १६ पुसमा वडा अधिवेशन गर्ने कार्यतालिका छ। १७ पुसमा पालिका अधिवेशन, १९ पुसमा प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने तालिका छ। यस्तै, २१ पुसमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन गर्ने तालिका छ। २२ पुसमा दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र रहेका जिल्ला अधिवेशन गर्ने तालिका छ। यस्तै, २३ र २४ पुसमा प्रदेश अधिवेशन र २६, २७ र २८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका छ।

महामन्त्री थापा नेतृत्वको क्रियाशील सदस्यता व्यवस्थापन समितिले निरन्तर काम गरिरहेको जनाएको छ। 'हामी रातदिन काम गरिरहेका छौँ। महाधिवेशन निर्धारित समयमा नहुनुपर्ने कारण छैन,' थापानिकट क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य प्रकाश स्नेहीले भने। समितिले छुटेको क्रियाशील सदस्यता केन्द्रबाट सिधै नवीकरण गर्ने व्यवस्थासमेत मिलाएको छ।

महामन्त्री थापा पक्ष तोकिएकै समयमा महाधिवेशन हुनुपर्ने अडानमा छ। महामन्त्री थापाले नियमित महाधिवेशन धकेल्न खोजिए विशेष महाधिवेशन हुने दाबी गरेका छन्। आफ्नो निर्वाचन क्षेत्रका नेता तथा कार्यकर्तासँग सोमबार छलफल गर्दै थापाले तोकिएको समयमै महाधिवेशन हुनुपर्नेमा जोड दिएका हुन्। 'महामन्त्रीको हैसियतले मैले पार्टी लिडरसिपलाई स्पष्ट भनिरहेको छु- महाधिवेशन समयमै हुनुपर्छ। नियमित महाधिवेशन नभए विशेष महाधिवेशन हुन्छ,' थापाले भने, 'यसका लागि हामी जुनसुकै मूल्य चुकाउन पनि तयार छौँ भनेर पार्टी लिडरसिपलाई स्पष्ट भनिरहेका छौँ।' महामन्त्री थापाले क्रियाशील सदस्यको

ओली...

पृष्ठ १ बाट क्रमशः

ढिलाइ भएकोमा सहिद परिवार र जेन-जी अगुवाले सरकारप्रति असन्तुष्टि जनाउँदै आएका छन्। उनीहरूलाई सोध्ने प्रश्न पनि तयार पारिसकेको आयोगका एक सदस्यले बताए। 'तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई सोध्ने प्रश्न तयार गरिसकेका छौँ,' ती सदस्यले भने, 'आन्दोलन दमनमा सरकारको भूमिका कस्तो थियो ? सुरक्षा तयारी कस्तो थियो ? कहाँ फेल भयो ? भनेर सोधपुछ हुनेछ।'

२३ भदौको भ्रष्टाचारविरोधी आन्दोलनमा सरकारले घातक हतियारबाट अन्धाधुन्ध गोली चलाउँदा बानेश्वर क्षेत्रमा मात्रै १७ युवाको ज्यान गएको थियो। उपत्यकाबाहिर दुई युवा मारिएका थिए। एक सयभन्दा धेरै घाइते भएका थिए। कतिपय घाइते अझै अस्पतालमै उपचाररत छन्।

आयोगले हालसम्म १५० भन्दा धेरैसँग बयान, बयान कागज तथा सोधपुछ गरिसकेको छ। फिल्डमा खटिएका प्रहरीदेखि उनीहरूका कमान्डर तथा गुप्तचर प्रमुखसम्म आयोगले बयान लिइसकेको छ। सोमबार पनि आयोगले तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, काठमाडौंका तत्कालीन सिडिओ छवि रिजाल तथा काठमाडौंका तत्कालीन प्रहरी प्रमुख विश्व अधिकारीसँग बयान लिएको छ। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीबाहेक सबैको बयान सम्पन्न भइसकेको आयोगले जनाएको छ। तत्कालीन प्रधानमन्त्री ओलीले आयोग निष्पक्ष नभएको भन्दै बयान नदिने धम्की दिँदै आएका छन्। लेखक यस विषयमा मौन छन्। एमाले उपमहासचिव रघुवीर महासेठले अध्यक्ष ओलीको व्यक्तित्व ड्यामेज गर्न बयान लिन खोजिएको तर्क गरे।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन भएको तीन महिना पुगिसकेको छ। सरकारले ९ माघसम्म म्याद थप गरेको छ। थपिएको अवधिभित्र प्रतिवेदन बुझाउने गरी आयोगले छानबिन गरिरहेको छ।

श्री स्वास्थ्य सेवा महाशाखा
छाउनी, काठमाण्डौ

विद्युतीय सिलबन्दी दरभाउपत्र e-GP आव्हानको सूचना

दोश्रो पटक प्रकाशन मितिः २०८२/०९/०८ गते।

श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीको लागी आ.ब. २०८२/८३ मा पुंजिगत खर्चतर्फ बिनियोजित बजेटबाट मेशिनरी औजार खरिद खर्च शिर्षकमा बिनियोजित बजेटबाट यस महाशाखाको लागि आवश्यक पर्ने मेशिनरी औजारका सामाग्रीहरु खरिद गर्नको लागी विद्युतीय सिलबन्दी दरभाउपत्र **e-GP** को प्रणालीबाट सिलबन्दी दरभाउपत्र लिन ईच्छुक फर्म/संस्था/कम्पनीको लागि यो सिलबन्दी दरभाउपत्र आव्हानको दोश्रो पटक १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै विस्तृत जानकारी र सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्नको लागि **www.bolpatra.gov.np/egp** मा हेर्न तथा पेश गर्न सकिने छ।

सि.नं.	कार्यक्रमको विवरण	दरभाउ पत्र दस्तुर	दरभाउ पत्र पेश गर्ने म्याद	सूचना नं.	जमानत रकम	जमानत मान्य अवधि	कै.
१.	मेशिनरी औजार	१०००।०० (पछि फिर्ता नहुने)	१५ दिन	NAWF/SSM/GOODS/CHHA/2082/83/58	२५,००००।००	७५ दिन	

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बिर्तामोड, झापाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति	बोलपत्र खोलिने मिति/समय
२०८२/०९/१४ गते/स्थान : शाखा कार्यालय बिर्तामोड, झापा	२०८२/०९/१६ गते, बुधबार दिनको ३ बजे

क्र.सं. १. ऋणीको नाम, ठेगाना

नाम : निर्जला मल्टी एग्रो प्रा.लि.
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. २५६७६५/०७७/०७८, दर्ता मिति : २०७७/११/१०, पान नं. ६०९९४५३७९, दर्ता मिति : २०७७/११/११
ठेगाना : झापा जिल्ला, हल्दिबारी वडा नं. १

संचालक तथा जमानतकर्ताको विवरण

१. नाम : नरेन्द्र मैनाली ना.प्र.नं. ०४४०४११०७, जि.प्र.का. झापा जारी मिति : २०५२/०८/१४ बाबुको नाम : धनपती मैनाली बाजेको नाम : छविलाल मैनाली ठेगाना : झापा जिल्ला, बुधबारे गा.वि.स. वडा नं. ८	**२. नाम : टिकाराम खरेल** ना.प्र.नं. ७६१५७८६२, जि.का. झापा जारी मिति : २०४१/०७/३० बाबुको नाम : पदमलाल खरेल बाजेको नाम : प्रेमलाल खरेल ठेगाना : झापा जिल्ला, गोलधाप गाउँ पंचायत/गा.वि.स. वडा नं. ३
३. नाम : आनन्द कुमार मैनाली ना.प्र.नं. ०४३०२०/५४४, जि.प्र.का. झापा जारी मिति : २०६३/१०/१० बाबुको नाम : गंगा प्रसाद मैनाली बाजेको नाम : कुल प्रसाद मैनाली ठेगाना : झापा जिल्ला, हल्दिबारी गा.वि.स. वडा नं. १	**४. नाम : मैया भट्टराई** ना.प्र.नं. ४८२४७/२९६७, जि.प्र.का. ताप्लेजुङ जारी मिति : २०५८/०९/६ पतिको नाम : राम चन्द्र बाँनिया ससुराको नाम : चन्द्र बहादुर बाँनिया ठेगाना : ताप्लेजुङ जिल्ला, तेल्लोक गा.वि.स./न.पा. वडा नं. १
५. नाम : कुमार चापागाई ना.प्र.नं. ४०४११७०७, जि.प्र.का. झापा जारी मिति : २०५७/०५/२५ बाबुको नाम : रुद्र प्रसाद चापागाई बाजेको नाम : कुल प्रसाद चापागाई ठेगाना : झापा जिल्ला, बुधबारे न.पा. वडा नं. ९	**६. नाम : केशब खनाल** ना.प्र.नं. ४०४११९१९, जि.प्र.का. झापा जारी मिति : २०५३/०२/०३ बाबुको नाम : रघुनाथ खनाल बाजेको नाम : कृष्ण खनाल ठेगाना : झापा जिल्ला, खुदनाबारी नगर/गाउँ पंचायत वडा नं. २

७. नाम : विस्णु प्रसाद उप्रेती
ना.प्र.नं. ७६१५२८९१, जि.प्र.का. झापा, जारी मिति : २०५९/०५/२७
बाबुको नाम : खडग प्रसाद उप्रेती, बाजेको नाम : बलभद्र उप्रेती
ठेगाना : झापा जिल्ला, गोलधाप गा.वि.स./न.पा. वडा नं. ३

जमानतकर्ताको विवरण

१. नाम : इन्दिरा फुयल ना.प्र.नं. ०४-०१-७४-१००३३, जि.प्र.का. झापा जारी मिति : २०७४/०७/२० पतिको नाम : आनन्द कुमार मैनाली ससुराको नाम : गंगा प्रसाद मैनाली ठेगाना : झापा जिल्ला, बुद्धशान्ति गा.पा. वडा नं. २	**२. नाम : नमिता पोखरेल** ना.प्र.नं. ४५५९८/४७५९८, जि.प्र.का. सुनसरी जारी मिति : २०५५/०९/१६ पतिको नाम : केशब खनाल ससुराको नाम : रघुनाथ खनाल ठेगाना : सुनसरी जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. २
३. नाम : पुष्पा ढकाल ना.प्र.नं. ०५२६१७७, जि.प्र.का. मोरङ्ग जारी मिति : २०६३/०६/३० पतिको नाम : कुमार प्रसाद चापागाई ससुराको नाम : रुद्र प्रसाद चापागाई ठेगाना : मोरङ्ग जिल्ला, इटहरा गा.वि.स./न.पा. वडा नं. २	**४. नाम : अम्बिका खरेल** ना.प्र.नं. ७६१५८४२२, जि.प्र.का. झापा जारी मिति : २०५१/१२/२८ पतिको नाम : टिकाराम खरेल ससुराको नाम : पदमलाल खरेल ठेगाना : झापा जिल्ला, गोलधाप गाउँ पंचायत/गा.वि.स. वडा नं. ३
५. नाम : राम चन्द्र बाँनिया ना.प्र.नं. १२/११५४, जि.प्र.का. पाँचथर जारी मिति : २०४८/१२/१० बाबुको नाम : चन्द्र बहादुर बाँनिया बाजेको नाम : दल बहादुर बाँनिया ठेगाना : पाँचथर जिल्ला, च्याङथापु गा.वि.स./न.पा. वडा नं. १	**६. नाम : मुना उप्रेती** ना.प्र.नं. ९१५२२०५४, जि.प्र.का. झापा जारी मिति : २०५४/११/१८ पतिको नाम : नरेन्द्र मैनाली ससुराको नाम : धनपती मैनाली ठेगाना : झापा जिल्ला, सुरुङ्गा गा.वि.स./उ.प.न.पा. वडा नं. ५

७. नाम : जल्पा देवी उप्रेती
ना.प्र.नं. ७६१५१६१, जि.प्र.का. झापा, जारी मिति : २०४५/०२/०५
पतिको नाम : विस्णु प्रसाद उप्रेती, ससुराको नाम : खडग प्रसाद उप्रेती
ठेगाना : झापा जिल्ला, गोलधाप गा.वि.स./न.पा. वडा नं. ३

धितोको विवरण

निर्जला मल्टी एग्रो प्रा.लि.को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १७२ र १७४ को क्षेत्रफल क्रमशः ९७.३५ ब.मि र ३४७.१० ब.मि., झापा जिल्ला, सुरुङ्गा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. ८५२८ को क्षेत्रफल ४३३८.६७ ब.मि. तथा झापा जिल्ला, शनिश्चरे गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५९६१ को क्षेत्रफल २९७९.९२ ब.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बिर्तामोड, झापा, फोन नं. ०२३-५३३२२१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

Kamalamai Municipality
Office Of The Municipal Executive
Bagmati Province, Nepal
Sindhuli

Invitation for Sealed Quotations for the works specified in the table here under.

Date of publication: **December 23, 2025**

1. ***Kamalamai Municipality, Office of The Municipal Executive*** invites electronic sealed quotations from Nepalese eligible contractors for the ***works specified in the table herewith under*** Sealed Quotations procedures. The estimated amounts for the works are as ***stated in the table herewith.***

Sealed Quotation Identification No.	Name of Works	Estimated amount excluding VAT (NRs.)	Bid Security Amount (NRs.)
KMU/SIN/Works/SQ/13/082/083	Ward Office Maintenance Work, Kamalamai Municipality, Ward No.-5, Madhutar, Sindhuli	1,360,521.93	40,000.00

2. Eligible Bidders may obtain further information from the Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli, Email: kamalamaimun.pidsection@gmail.com or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost mentioned above of bidding document in the Office Rajaswa (revenue) account and bid security fee Dharauti (Deposit) as specified in bid documents and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

(Chief Administrative Officer)

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
मंगलबार ८ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

एएफसीले नेसन्स लिग गर्ने

युरोपियन ढाँचामा हुने लिगमा नेपालसहितका कमजोर राष्ट्रले माथिल्लोस्तरका प्रतिद्वन्द्वीविरुद्ध खेल्ने अवसर पाउने

नयाँ पत्रिका

एसियन फुटबल महासंघ (एएफसी)ले एसियाको फुटबलस्तर बढाउन नयाँ ढाँचाको प्रतियोगिता आयोजना गर्ने भएको छ। एएफसीले यस प्रतियोगिताको नाम नेसन्स लिग दिइएको छ। यो अवधारणाअनुसार एसियाको फिफा वरीयता नम्बरदेखि पुछारसम्मका राष्ट्रहरूले एक-आपसमा प्रतिस्पर्धा गर्न अवसर पाउनेछन्। यसको फाइदा नेपालजस्तो कमजोर राष्ट्रले लिन सक्नेछ। उनीहरूले आफूभन्दा बलियो राष्ट्रविरुद्ध प्रतिस्पर्धा पाउने एएफसीले जनाएको छ। एएफसीका कमिटीहरूले छलफल गरेर नेसन्स कपको मिति घोषणा गरिनेछ।

'एएफसीले एसियाको फुटबलस्तर बढाउन छिट्टै एएफसी नेसन्स लिग आयोजना गर्दै छ, यसले एएफसीमा आबद्ध सबै राष्ट्रहरूले एकै प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन्,' एएफसीका महासचिव दातुक सेरी विन्डसर जोनले भने, 'विशेषतः हाम्रो लक्ष्य कमजोर तथा मध्यस्तरका राष्ट्रहरूलाई एक्सपोजर प्रदान गर्नु पनि हो।' एएफसीमा ४७ राष्ट्र आबद्ध छन्। नेसन्स कपमा यी सबै राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्। फिफाले तोकेको समयमा खेल्नुपर्नेछ। एएफसीले प्रतियोगिता कहिले र कुन प्रणालीमा गर्ने भन्नेबारेमा खुलाएको छैन।

फिफाले १९ डिसेम्बरमा जारी गरेको वरीयताअनुसार जापान एसियाको शीर्ष स्थानमा छ। जापान समग्रमा विश्वको १८औँ स्थानमा छ। दोस्रो स्थानमा इरान तथा तेस्रो स्थानमा इरान रहेको छ। एएफसीको नयाँ ढाँचाअनुसार हुने प्रतियोगितामा दक्षिण एसियाली राष्ट्रले त्यसको प्रत्यक्ष फाइदा लिन सक्छन्। दक्षिण एसियामा भारत शीर्ष स्थानमा रहेको छ। भारत १४२औँ स्थानमा रहेको छ। माल्दिभ्स १७३औँ, बंगलादेश १८० औँ र नेपाल १८२औँ स्थानमा छ। एएफसीका महासचिव जोनले नेसन्स कपको मध्यमबाट एसियाको फुटबलस्तर थप माथि जाने विश्वास गरेका छन्। 'हामीहरूको लक्ष्य ४७ राष्ट्रबिच निरन्तर रूपमा प्रतियोगिता भइरहोस्। यसले उनीहरूको फुटबल क्षमता जान्ने मौका प्राप्त हुनेछ,' उनले भने, 'तल्लो तथा माथिल्लो वरीयताबिचको प्रतियोतिगा एकपक्षीय हुने सम्भावना भए पनि दुईबिचको भिन्नता सबैले थाहा पाउनेछ।'

संघलाई थप आर्थिक भार

एएफसीले नेसन्स लिगको घोषणा गर्दा यसको प्रस्ट खाका भने तयार पारेको छैन। यद्यपि, एएफसीले यसको रोल मोडेल भने युरोपियन फुटबलको जस्तो भनेको छ। युरोपमा प्रत्येक चार वर्षमा युरो च्याम्पियनसिप हुन्छ। साथसाथै, उनीहरूले अलग नेसन्स कप पनि खेल्छन्। युरो च्याम्पियनसिपमा भने छनोट चरण पार गरी स्थान बनाउनुपर्छ। नेसन्स लिगमा सबै युरोपियन राष्ट्रहरू सहभागी हुन्छन्। एएफसीले पनि एफसी एसिया कप आयोजना गर्छ। यसमा छनोट भएका राष्ट्रबिच मात्र प्रतिस्पर्धा हुन्छ।

एसिया कप छनोटमा सहभागी हुने राष्ट्रहरूलाई वरीयताअनुसार 'ड्र'मा राखिन्छ। एएफसीले एसिया कपभन्दा नेसन्स लिगमा आर्थिक रूपमा बलियो हुनुपर्ने जनाएको छ। प्रत्येक राष्ट्रले अर्को राष्ट्रमा जाँदाको खर्च धेरै हुने सम्भावना छ। जसका कारण एएफसीले प्रतियोगितामा सहभागी हुने राष्ट्रलाई केही आर्थिक पक्ष सहयोग गरे पनि सबै बजेट यात्रा खर्च सम्बन्धित फुटबल संघलाई दिएको छ। आर्थिक रूपमा कमजोर रहेका फुटबल राष्ट्रहरूले प्रतियोगितामा सहभागी जनाउँदा कसरी आर्थिक भार व्यहोर्ने पक्ष प्रश्न उठेको एजेन्सीले जनाएको छ।

लिगमा डिभिजन प्रणाली

नेसन्स कपमा बलियो र कमजोर राष्ट्रबिचको प्रतिस्पर्धा निर्धारण गर्न डिभिजन अवधारणा लागू हुनेछ। टिमलाई बलियो, मध्यम र कमजोर गरी फरक लिग (डिभिजन)मा राखिनेछ। एकै स्तरका राष्ट्रहरूसँग नियमित रूपमा खेल खेलाइने एएफसीले जनाएको छ।

यसमा राम्रो प्रदर्शन गर्ने राष्ट्र माथिल्लो लिगमा बढुवा हुनेछ। डिभिजन लिगमा कमजोर प्रदर्शन गर्ने राष्ट्र तल झर्ने व्यवस्था हुनेछ। राष्ट्रिय टोलीले नियमित र प्रतिस्पर्धात्मक खेल पाउनेछ। 'साना देशहरूको पनि राम्रो विकास गर्ने अवधारणमा यो लिग आयोजन गर्न लागिएको हो,' एएफसीका महासचिव जोनले भने, 'खेलहरू केन्द्रीय रूपमा व्यवस्थित गरिनेछ। एएफसीले दर्शक, प्रसारण र प्रायोजकको पनि बढी चासो राखेको छ।'

फुटबल संघसँग छिट्टै छलफल गर्ने

एएफसीले आफ्ना सबै सदस्यहरूसँग नेसन्स लिगको अवधारणबारे छिट्टै छलफल गर्नेछ। फुटबल विकास र अन्तर्राष्ट्रिय खेलहरूको दिगो संरचना स्थापना गर्ने उद्देश्यले प्रभावकारी हुने भएकाले फुटबल संघले यसमा समर्थन गर्ने महासचिव वान्डिसाले बताए। 'नेसन्स लिग ४७ सदस्य संघहरूको विकासलाई समर्थन गर्ने महत्त्वपूर्ण कदम हुनेछ,' उनले भने, 'एसियाका राष्ट्रिय टोली फुटबललाई सुदृढ बनाउने प्रतिबद्धता हो।'

फिफा अन्तर्राष्ट्रिय 'म्याच विन्डो'को प्रभावकारी उपयोग, सीमित प्रतिद्वन्द्वी उपलब्धता, बढ्दो खर्च र जटिल व्यवस्थापनका कारण राष्ट्रिय टोलीले अपेक्षाअनुसार खेल्न नपाइरहेको भन्दै एएफसीले दिगो ढाँचा आवश्यक रहेको निष्कर्ष उनले गरेका छन्। एएफसीका महासचिव एएफसी नेसन्स लिग आफ्नो ४७ सदस्य संघहरूको विकासलाई समर्थन गर्ने निरन्तर प्रतिबद्धतामा एक महत्त्वपूर्ण कदम भएको प्रतिक्रिया दिएका छन्।

■ एन्फा यू-१६ लिग

पुलिसविरुद्ध दबाब बढाउँदै मच्छिन्द्र

नयाँ पत्रिका



मच्छिन्द्र फुटबल क्लबले सोमबार एन्फा यू-१६ लिग फुटबल प्रतियोगितामा हिमालयन शेर्पा क्लबलाई ६-१ ले हराएको छ। सातदोबाटोस्थित एन्फा मुख्यालयमा भएको प्रतिस्पर्धामा फराकिलो जितका साथ मच्छिन्द्र शीर्ष स्थानमा उक्लिएको छ। मच्छिन्द्रको जितमा राहुलकुमार योञ्जन, सुदीप ठकुरी, गोविन्द विक, कोन्जल लामा, प्रज्ञान राई र आर्यभिर सिंहले समान एक गोल गरेका थिए।

एकपक्षीय खेलमा मच्छिन्द्रले हिमालयनलाई कुनै मौका नै दिएन। जितसँगै मच्छिन्द्रले २३ खेलबाट ५२ अंक जोडेको छ। मच्छिन्द्रको तुलनामा एक खेल कम खेलेको विभागीय टोली नेपाल पुलिस क्लबको ४९ अंक छ। पुलिसले मंगलबार अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबको सामना गर्दै छ। गत २० असारबाट सुरु भएको लिगका पहिलो चरणका ९१ खेल २६ साउनमा सकिएको थियो। आयोजक एन्फाले पहिलो चरणपछि केही समय लिगलाई विश्राम दिएको हो। २४ साउनमा संकटा र सातदोबाटो युथबिचको १३८औँ खेल भएपछि लिगका बाँकी खेल हुने टुंगो लागेको थिएन। जेन-जी आन्दोलनका कारण एन्फाले यो लिग नै अनिश्चितकालीनका लागि स्थगित गरेको थियो। अन्ततः एन्फाले सहभागी क्लबको सहमतिमा बाँकी खेल सम्पन्न गर्ने गरी गत सातादेखि लिग सुचारु गऱ्यो।

विशालको ह्याट्रिक

जावलाखेल युथ क्लबले सोमबार सातदोबाटो युथमाथि ४-२ को जित निकाल्यो। जावलाखेलको जितमा विशाल शाहीले ह्याट्रिक गरे। उनले खेलको ४५, ५४ र ८१औँ मिनेटमा गोल गरेका थिए। सातदोबाटोका लागि एरिस खत्रीले एक गोल फर्काए। अर्को खेलमा संकटाले श्रीभगवती क्लबलाई १-० ले हरायो। संकटा र श्री भगवतीबिच पहिलो हाफ गोलरहित बराबरी भएको थियो।

मेसीलाई तीनदिने भारत भ्रमणमा एक अर्ब भारु पारिश्रमिक

एजेन्सी

अर्जेन्टिनी कप्तान लियोनल मेसी भारतको तीन दिन भ्रमण सकेर स्वदेश फर्किसकेका छन्। मेसीको तीन दिनको भ्रमणका लागि आयोजकले उनलाई एक अर्ब भारु तिरेको टाइम्स अफ इन्डियाले सोमबार जनाएको छ। आयोजकका प्रमुख सतान्दु दत्ताले अर्जेन्टिनी कप्तानलाई भारतमा ल्याउन आफूहरूले पारिश्रमिक रूपमा ८९ करोड भारु तथा भारत सरकारलाई कर स्वरुप थप ११ करोड भारु खर्च भएको जानकारी दिएका छन्।

पहिलोपटक मेसी भारतमा आउँदा पहिलो विवाद भएको थियो। कोलकाताको साल्ट लेक सिटी रंगशालामा मेसी १० मिनेट मात्र बसेपछि हजारौँ समर्थकले उपद्रो मच्चाएका थिए। लेक सिटी रंगशालाको व्यवस्था कमजोर भएपछि मुख्य आयोजकका दत्तालाई प्रहरीले पक्राउ गरेको थियो। उनले प्रहरीसमक्ष दिएको बयानमा मेसीमाथि आफूहरूले एक अर्ब भारु खर्चिको उल्लेख गरेका हुन्। समर्थकहरूले जिउमा छुने प्रयास गरेपछि मेसी रंगशालाबाट रिसाउँदै बाहिरिएको प्रहरी समक्ष दत्ताले बयान दिएका छन्।

'केही समर्थकले मेसीलाई छुने र अँगालो हाल्ने काम गरेका थिए। जसमा उनी रिसाए। सुरक्षाको दृष्टिकोणले पनि उनी छिट्टै नै रंगशालाबाट बाहिरिएका हुन्,' दत्ताले भनेका छन्। भारतीय क्रिकेटरहरूले आइपिएलको एक सिजनमा प्राप्त हुने पारिश्रमिकभन्दा चार गुणा बढी पारिश्रमिक दिएर मेसीलाई तीन दिनको भारत भ्रमण गराइएको टाइम्स इन्डियाले जनाएको छ। मेसीलाई उपलब्ध गराएको



रकममध्ये ३० प्रतिशत रकम प्रायोजकबाट प्राप्त भएको छ। थप ३० प्रतिशत रकम टिकट बिक्रीबाट उठेको दत्ताले बताए।

'कोलकाता र हैदराबादमा मेसी पुग्दा रंगशालाका सबै टिकट बिक्री भएको थियो,' दत्ताले भने, 'टिकटबाहेक हामीले प्रायोजकबाट संकलन गरेको रकम एजेन्टको माध्यमबाट मेसीको खातामा राख्यौं।'

खेल संक्षेप

फुटसलमा ब्लु बर्ड कलेज पहिलो

काठमाडौं/ जेम्स विद्यालयको खेलकुद तथा अतिरिक्त क्रियाकलाप विभागको आयोजनामा सञ्चालन भइरहेको तेस्रो थन्डर बोल्ट्स कप २०२५ अन्तर्गत सोमबार यू-१८ फुटसल छात्रतर्फको फाइनलमा ब्लु बर्ड कलेजले रिब्सलाई ५-१ को फराकिलो अन्तरले पराजित गर्दै उपाधि जितेको छ। व्यक्तिगत विधातर्फ जेम्स स्कुलका स्वयं श्रेष्ठ सर्वाधिक गोलकर्ता बने। बास्केटबलको यू-१६ छात्रतर्फ सेमिफाइनलमा रातोबंगला स्कुलले मातृभूमि स्कुललाई ४८-२५ ले पराजित गऱ्यो। अर्को खेलमा जेम्स स्कुलले एलआरआई स्कुलमाथि जित दर्ता गऱ्यो।यू-१८ छात्रा विधातर्फ गोल्डेनगेट इन्टरनेसनल कलेजले ब्लु बर्ड कलेजलाई ३१-२७ ले हरायो। जेम्स स्कुलले जेभियर इन्टरनेसनल कलेजलाई ४०-१४ को फराकिलो अन्तरले पराजित गऱ्यो। यू-१८ छात्र विधातर्फ मनास्लु स्कुलले गोल्डेनगेट इन्टरनेसनल कलेजलाई ५०-४६ ले पाखा लगाउँदै फाइनल स्थान पक्का गऱ्यो।

टी-२० क्रिकेटको उपाधि डायमन्डलाई

कास्की/ डायमन्ड सेकेन्डरी स्कुलले यू-१६ अन्तर विद्यालय पुरुष टी-२० क्रिकेट प्रतियोगिताको उपाधि हात पारेको छ। प्रतियोगिताको फाइनलमा जनप्रकाश माविलाई दुई विकेटले पराजित गर्दै डायमन्डले उपाधि हात पारेको हो। जनप्रकाशले २० ओभर खेल्दै आठ विकेट गुमाएर एक सय १५ रन जोडेको थियो। डायमन्डले १९ ओभरमा आठ विकेट गुमाएर एक सय १६ रन बनायो। जनप्रकाशका लागि कुशल श्रेष्ठले ३६ बलमा ३६ रन जोडेका थिए। डायमन्डका लागि सुशान्त तिवारीले ३३ बलमा ४१ रन र सन्दिर तिमिल्सिनाले १५ बलमा १७ रन बनाए।

सद्भावना दूतमा विष्ट नियुक्त

काठमाडौं/ कृष्णपुर नगरपालिका कञ्चनपुरले तेक्वान्दोका सफल खेलाडी दीपक विष्टलाई सोमबार खेलकुद सद्भावना दूतमा नियुक्त गरेको छ। १६औँ नगरपालिका स्तरीय राष्ट्रपति रनिङ सिल्ड छनोट प्रतियोगिताको समापनका अवसरमा कृष्णपुर नगरपालिकाका मेयर हेमराज ओझोले विष्टलाई सद्भाव दूतको पत्र हस्तान्तरण गरेका हुन्। विष्टले दक्षिण एसियाली खेलकुदमा ४ स्वर्ण र एसियाली खेलकुदमा २ कांस्य जितेका छन्। छनोट चरण पार गरी ओलम्पिकमा प्रतिस्पर्धा गर्ने विष्ट पहिलो नेपाली पुरुष खेलाडी हुन्।

भ्याली पब्लिक लिग च्याम्पियन

काठमाडौं/ भ्याली पब्लिकले सेनेका यू-१९ महिला बास्केटबल लिगको उपाधि जितेको छ। भ्याली पब्लिक अपराजित रहँदै च्याम्पियन बनेको हो। भ्याली पब्लिकले सबै १२ खेल जित्यो। घरेलु कोर्टमा भएको फाइनलमा भ्याली पब्लिकले साइपाल एकेडेमीलाई ६४-४३ ले पराजित गऱ्यो। भ्याली पब्लिककी लोरिसा गौचनले उत्कृष्ट प्रदर्शन गर्दै ४६ स्कोर गरिन्। सेनेका एडुकेसन कन्सल्टेन्सी प्रालिको आयोजना भएको प्रतियोगितामा भ्याली पब्लिक र साइपालसहित ६ टोली सहभागी थिए।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

ऋण/कर्जा चुक्ता भुक्तानी गर्ने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०९/०८

तपसिलमा उल्लेखित ऋणी/ऋणी कम्पनीले यस बैंकको **लहान शाखा कार्यालय**बाट विविध कर्जा शीर्षक अन्तर्गत कर्जा उपभोग गर्दै आउनु भएको ऋण कर्जाको साँवा, ब्याज लगायत अन्य दैदस्तूर, कर्जा लिदाको बखत बैंकसँग गरेको शर्त कबुलियत तथा ऋण स्वीकृत पत्रमा उल्लेख भएको व्यवस्था बमोजिम बैंकलाई समय समयमा तिर्न बुझाउनु पर्ने बक्यौता रकम नतिरी/नबुझाएकोले ऋण/कर्जाको साँवा, ब्याज लगायत सम्पूर्ण कर्जा रकम चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी बैंकलाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा लिदाका बखत बैंकसँग गरेको शर्त बन्देजहरु उल्लङ्घन गरेकाले ऋण/कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफुले कर्जा लिएको यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना ब्याज लगातयअन्य दैदस्तूर चुक्ता भुक्तानी गर्नुहुन ऋणीलाई अनुरोध छ। साथै, ऋणी/ऋणी कम्पनीका जिम्मेवार पदाधिकारीहरु तथा तपसिलमा उल्लेखित शिर्षकका कर्जाहरुको लागि व्यक्तिगत जमानत दिनेहरु तपसिलका उल्लेखित व्यक्तिहरुलाई समेत ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको जानकारी गराउँछौं। उपरोक्त समयावधि भित्र पनि तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तानी हुन नसकेको खण्डमा बैंकले आफ्नो लेना असुल उपर गर्नको लागि ऋणी/ऋणी कम्पनीको नाममा कर्जाका लागि बैंकको नाममा लेखिदिनु भएको तपसिलमा उल्लेखित चल/अचल धितो सम्पत्तिहरु लिलाम बिक्री गर्नुका साथै थप कानुनी कारवाही गरिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

साथै, उल्लेखित म्यादभित्र ऋण/कर्जा चुक्ता भुक्तानी नगर्ने तपसिल बमोजिमका ऋणी/ऋणी कम्पनीका संस्थापक/संचालकहरु, तोकिए बमोजिम शेयर लिने शेयरधनीहरु र ऋणसँग सम्बन्धित सबै पक्षहरुलाई नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको कर्जा सूचना तथा कालोसूची सम्बन्धी निर्देशन बमोजिम कालोसूचीमा समेत राखी आवश्यक कानुनी कारवाही अगाडि बढाईने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. कर्जा शिर्षक : कोषमा आधारित विविध कर्जा

ऋणी

नाम : कुबेर भण्डार
दर्ता नं. प्रा.फ.र.नं. २६/०६३, दर्ता मिति : २०६३/०५/२०
रजिष्टर्ड ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ४, **प्रोप्राईटर : कुबेरनाथ जैसवाल**

जमानतकर्ताहरु

१. नाम : कुबेरनाथ जैसवाल
ना.प्र.नं. ११२९/८०२६१३५२, जि.प्र.का. धनुषा
जारी मिति : २०३४/०८/२९ मा जारी भई मिति २०६३/०३/२२ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : जगरनाथ राम कलवार
बाजेको नाम : वालदेव राम कलवार
स्थायी ठेगाना : धनुषा जिल्ला, सवैला गा.वि.स. वडा नं. ४
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३

२. नाम : कलावत्ती जयसवाल
ना.प्र.नं. ९२८६१७४४, जि.प्र.का. धनुषा
जारी मिति : २०३५/०६/१५ मा जारी भई मिति २०६३/०३/२२ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : कुबेरनाथ जैसवाल
ससुराको नाम : जगरनाथ राम कलवार
स्थायी ठेगाना : धनुषा जिल्ला, गोदार गा.वि.स. वडा नं. ३
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३

३. नाम : रविन्द्र प्रसाद जायसवाल
ना.प्र.नं. ८०९८२, जि.प्र.का. उदयपुर
जारी मिति : २०६३/०६/०२
बाबुको नाम : कुबेरनाथ जैसवाल
बाजेको नाम : जगरनाथ राम कलवार
स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ४
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३

४. नाम : रंजीता कुमारी जायसवाल
ना.प्र.नं. १४३०३६/६८८, जि.प्र.का./ई.प्र.का., कटारी, उदयपुर
जारी मिति : २०७०/०२/१२
पतिको नाम : रविन्द्र प्रसाद जायसवाल
ससुराको नाम : कुबेरनाथ जैसवाल
स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ४
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३

५. नाम : सुरेन्द्र प्रसाद जायसवाल
ना.प्र.नं. ८०९८४, जि.प्र.का. उदयपुर
जारी मिति : २०६३/०६/०२
बाबुको नाम : कुबेरनाथ जैसवाल
बाजेको नाम : जगरनाथ राम कलवार
स्थायी ठेगाना : उदयपुर जिल्ला, कटारी गा.वि.स. वडा नं. ४
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३

६. नाम : निशा जयसवाल
ना.प्र.नं. १७३०३३/१४७, जि.प्र.का. धनुषा
जारी मिति : २०७०/०२/२३
पतिको नाम : सुरेन्द्र प्रसाद जायसवाल
ससुराको नाम : कुबेरनाथ जैसवाल
स्थायी ठेगाना : धनुषा जिल्ला, सवैला गा.वि.स. वडा नं. ९
हालको ठेगाना : उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : धनुषा

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (विगाहा)	कैफियत
साविक	हाल	साविक	हाल				
त. गोदार	गणेशमान चारनाथ	३	६	कुबेरनाथ जैसवाल	५२१	०-१०-०-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : उदयपुर

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (विगाहा)	कैफियत
साविक	हाल	साविक	हाल				
कटारी	कटारी	१	३	कुबेरनाथ जैसवाल	१५१६	०-०-५-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
					८१९	०-०-४-०	

कुबेर भण्डारको नाममा हाईपोथिकेसन गरिदिएको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

२. कर्जा शिर्षक : अधिविकर्ष कर्जा

ऋणीहरु : तफेजुल मियाँ र मो. जाउल हक

जमानतकर्ताहरु

१. नाम : मो. जाउल हक
ना.प्र.नं. २७८४, जि.प्र.का., सप्तरी
जारी मिति : २०५६/०६/१६ मा जारी भई मिति २०७२/०२/३२ मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : तफेजुल मियाँ
बाजेको नाम : इस्माईल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रवाहु गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ७

२. नाम : तफेजुल मियाँ
ना.प्र.नं. ४३८५१३३६, जि. प्र. का., सप्तरी
जारी मिति : २०४०/०६/११ मा जारी भई मिति २०७२/१२/३० मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : इस्माईल मियाँ
बाजेको नाम : कारी मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९

३. नाम : जैसा खातुन
ना.प्र.नं. १६१०३०/८९६, जि.प्र.का. सप्तरी
जारी मिति : २०६८/०१/२८
पतिको नाम : मो. जाउल हक
ससुराको नाम : तफेजुल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रवाहु गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ७

४. नाम : जैनब कुजर्नि
ना.प्र.नं. १३३७, जि.का. सप्तरी
जारी मिति : २०४३/०९/२१
पतिको नाम : तफेजुल मियाँ
ससुराको नाम : इस्माईल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.प. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९

३. कर्जा शिर्षक : कोष तथा गैरकोषमा आधारित विविध कर्जा

ऋणी

नाम : कमाल सप्लायर्स
दर्ता नं. प्रा.फ.र.नं. २१३९/०७०/०७१, दर्ता मिति : २०७०/०९/०८
रजिष्टर्ड ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ३, **प्रोप्राइटर : मो. जाउल हक**

जमानतकर्ताहरु

१. नाम : मो. जाउल हक
ना.प्र.नं. २७८४, जि.प्र.का., सप्तरी
जारी मिति : २०५६/०६/१६ मा जारी भई मिति २०७२/०२/३२ मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : तफेजुल मियाँ
बाजेको नाम : इस्माईल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रवाहु गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ७

२. नाम : तफेजुल मियाँ
ना.प्र.नं. ४३८५१३३६, जि. प्र. का., सप्तरी
जारी मिति : २०४०/०६/११ मा जारी भई मिति २०७२/१२/३० मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : इस्माईल मियाँ
बाजेको नाम : कारी मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९

३. नाम : जैसा खातुन
ना.प्र.नं. १६१०३०/८९६, जि.प्र.का. सप्तरी
जारी मिति : २०६८/०१/२८
पतिको नाम : मो. जाउल हक
ससुराको नाम : तफेजुल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, मैन्हासहश्रवाहु गा.वि.स. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ७

४. नाम : जैनब कुजर्नि
ना.प्र.नं. १३३७, जि.का. सप्तरी
जारी मिति : २०४३/०९/२१
पतिको नाम : तफेजुल मियाँ
ससुराको नाम : इस्माईल मियाँ
स्थायी ठेगाना : सप्तरी जिल्ला, कल्याणपुर गा.प. वडा नं. ६
हालको ठेगाना : सप्तरी जिल्ला, खड्क न.पा. वडा नं. ९

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सप्तरी

न.पा./गा.वि.स./गा.पा.		वडा नं.		धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (विगाहा)	कैफियत
साविक	हाल	साविक	हाल				
खोजपुर	खडक	८	५	तफेजूल मियाँ	१३१८	०-०-१५	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
कल्याणपुर	खडक	३	७		१०४१	०-०-३३/४	
					४००	०-०-४	
		७	७		४१०	०-३-१०	
					७९८	०-०-११३/४	
					११८६	०-२-०१/४	

१. माथी उल्लेखीत धितो सम्पत्ति ऋणीहरु कमाल काष्ठ उद्योग (हाल कर्जा नरहेको) र कमाल सप्लायर्सले लिएको कर्जाका लागि संयुक्त रुपमा मालपोत कार्यालय सप्तरीमा रोक्का भई तफेजुल मियाँ र मो. जाउल हकको संयुक्त नाममा स्विकृत अधिविकर्ष कर्जा तथा कमाल वस्त्रालयको नाममा स्विकृत क्यास क्रेडिट कर्जाका लागि समेत धितो कायम रहेको।
२. कमाल सप्लायर्सको नाममा हाईपोथिकेसन गरिदिएको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।
३. कमाल वस्त्रालयको नाममा हाईपोथिकेसन गरिदिएको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं. लहान, सिरहा ०३३-५६३२२९

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com